छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २७ •अंक ३३३ • २०८३ साल बैशाख १९ गते शनिबार (2 May, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्


## रिंकु कुमारी हत्या प्रकरणमा

# जनप्रतिनिसहित १४ जनालाई कैद

**टुडे समाचारदाता**

लहान । सिरहाको नवराजपुर गाउँपालिका-१ मा पर्ने भगवतीपुरकी १७ वर्षीया रिंकु कुमारी सदायको सामूहिक बलात्कार पछि मृत्युसम्बन्धी घटनामा सिरहा जिल्ला अदालतले जनप्रतिनिधिसहित १४ जनालाई फैसला गरेको छ।

मुद्दा दर्ता भएको करिब १३ महिनापछि सिरहा जिल्ला अदालतका मुख्यन्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको एकल इजलासले वडा सदस्यसहित १४ जनालाई दोषी ठहर गर्दै कैद र जरिवानाको सजायको फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी तथा प्रशासकीय अधिकृत राधेश्याम यादवले जनाएका छन् । अदालतले बलात्कारमा संलग्न, सहयोगी र घटना लुकाउन पञ्चायती गर्नेहरूलाई पनि फरक-फरक किसिमको सजायको फैसला गरेको छ।

घटना लुकाउन पञ्चायती गर्ने नवराजपुर- १ का वडा सदस्य नथुनी साह, रामकृपाल मण्डल, विन्देश्वर साह र रामदेव सदायसहितकालाई मुलुकी अपराध संहिताबमोजिम




जनही आठ महिना कैद र सात हजार रुपैयाँका दरले जरिवानाको फैसला गरेको छ। जनप्रतिनिधि ओहदामा रहेर पनि अपराधलाई प्रश्रय दिएको र कानुनी प्रक्रियामा बाधा पुऱ्याएको ठहर गर्दै वडा सदस्य साहलाई भने थप ६ महिना कैद सजायको फैसला गरेको छ।

त्यस्तै सो घटनामा प्रत्यक्ष संलग्न रहेका तीन नाबालकलाई पनि अदालतले दोषी ठहर गरेको छ। न्याय निरूपणका क्रममा अदालतले पीडित परिवारको क्षतिपूर्तिलाई प्राथमिकता दिइ दोषी ठहरिएका प्रतिवादीहरूबाट जनही ३५ हजार रुपैयाँका दरले पीडितको हकवालालाई क्षतिपूर्ति भराउनुका साथै तोकिएको थप क्षतिपूर्ति शुल्कसमेत बुझाउनुपर्ने फैसला गरेको छ।

२०८१ साल माघ २७ गते राति शौच गर्न घरबाहिर निस्केकी रिंकुलाई स्थानीय तीन जना युवकले नियन्त्रणमा लिइ सामूहिक बलात्कार गरेका थिए। पीडा र चोटका साथ भोलिपल्ट बिहान ३ बजे घर आइपुगेकी रिंकुले आफ्नी आमालाई घटनाबारे जानकारी गराइन् । तर बलात्कार जस्तो जघन्य अपराधलाई प्रहरीसम्म पुग्न नदिइ गाउँमै गुपचुप राख्ने प्रयास केही अगुवाहरु गरेका थिए।

घटनाको भएको अर्कोदिन क्रमशः पीडितमाथि थप दबाब सृजना गर्दै वडा सदस्य नथुनी साहको रोहवरमा दुई पटक 'पञ्चायती' बसेको थियो। पञ्चायतीले दोषीहरूलाई एक लाख ५१ हजार रुपैयाँ जरिवाना तिराएर घटना थामथुम पार्ने गरेको थियो।

तर जरिवानाको रकम बाँडफाँटमा विवाद भएपछि कुरा नमिल्दा घटना बाहिरियो । यता अन्यायमा परेकी पीडित रिंकु वितेको माघ ३० गते आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन्। बाहिरबाट ढोका बन्द गरिएको अवस्थामा शव भेटिएकाले उनको मृत्युलाई शुरुदेखि नै शंकास्पद मानिएको थियो।

## ई-कमर्सका नाममा ठगी धन्दा

# सूचीकृत नभएका व्यवसायी सामाजिक सञ्जालको दुरुपयो

**टुडे समाचारदाता**


जनकपुरधाम । ई-कमर्सका नाममा सामाजिक सञ्जालबाटै ठगी धन्दा अधिकांश व्यवसायीले गर्दै आएका छन्। ३० हजार व्यवसायीमध्ये ३१२ मात्रै सूचीकृतमा छन्।

यसबाहेकका व्यवसायी सामाजिक सञ्जालको दुरुपयोग गरी विज्ञापनमार्फत सेवाग्राहीलाई आकर्षित गरी भ्रमपूर्ण तरिकाले ठगी धन्दा गर्दै आएको रहस्योद्घाटन भएको छ।

विद्युतीय प्लेटफर्म प्रयोग गर्दै भ्रमपूर्ण विज्ञापनमार्फत आम उपभोक्तासंग ठगी गर्दै आएका अधिकांश ई-कमर्स व्यवसायी सरकारको नियमन दायरामै छैन।

कानुनी दायराभन्दा बाहिर रहेका यस्ता ई-कमर्स व्यवसायीहरू सामाजिक सञ्जालमार्फत आकर्षक विज्ञापनमार्फत विद्युतीय प्लेटफर्मको दुरुपयोग गरी दैनिक रुपमा कम्तीमा एक दर्जन व्यक्तिलाई मूल्य, सामान र भुक्तानीमा ठगी गरिरहे पनि नियमनकारी निकायले उनीहरूलाई नियमनको दायराभित्र ल्याउन बेवास्ता गर्दै आएका छन्।

नियमनकारी निकायले आलटाल गर्दा पछिल्लो एक वर्षको अवधिमा विद्युतीय व्यापार (ई-कमर्स) पोर्टलमा कुल ३ सय १२ वटा व्यापारिक प्रतिष्ठान मात्रै सूचीकृत




भएको जनाइएको छ।

नेपालमा विस्तार भइरहेको विद्युतीय व्यापार क्षेत्रलाई व्यवस्थित, पारदर्शी र उपभोक्तामैत्री बनाउन सरकारले अनिवार्य रूपमा सूचीकृत हुनुपर्ने व्यवस्था गरेको छ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले जनाए अनुसार पछिल्लो करिब १ वर्षको अवधिमा तीन सय १२ वटा व्यापारिक प्रतिष्ठान मात्रै विभागको पोर्टलमा सूचीकृत भएको छ।

विभागको विद्युतीय व्यापार नियमन तथा सूचना प्रविधि शाखाका अधिकृत अमितकुमार झाले तोकिएको अवधिमा विभागको पोर्टलमा सूचीकृत हुनका लागि १ हजार ४ सय ४३ वटा व्यापारिक प्रतिष्ठानले आवेदन दिएको जानकारी दिए।

सूचीकृत हुनेमध्ये अधिकांश फेसनबल, लुगाफाटो, लेडिज कस्मेटिक्स, गरगहना, खाद्य र पेयजन्य पदार्थ, विद्युतीय उपकरणलगायतका छन्।

सरकारले ई-कमर्सलाई व्यवस्थित बनाउन खोजे पनि कानुनी अभाव र फितलो कार्यान्वयनका कारण अधिकांश व्यवसायीहरू अझै पनि नियमनको दायरामा आउन मानिरहेका छैनन्।

विभागमा दैनिकजसो ई-कमर्स व्यापारिक प्रतिष्ठानले ठगी गरेको भन्दै उजुरी र पीडित आफैँ आइरहे पनि ठगी गर्ने प्रतिष्ठान विभागमा सूचीकृत नभएका कारण कारबाही गर्न कठिनाइ भएको छ,' झाले भने, 'अधिकांशले उपभोक्तालाई सामाजिक सञ्जाल फेसबुक, टिकटक, इन्स्टाग्राम लगायतबाट आफ्नो सामानको विज्ञापन गरेर ठगी गरिरहेको पाइएको छ।'

विभागका प्रवक्ता नरहरि तिवारीले बजारमा सामाजिक सञ्जालमार्फत हुने कारोबार र ई-कमर्स व्यवसायको संख्या ७ हजारभन्दा बढी भए पनि दर्ता प्रक्रियामा आउनेको संख्या भने अत्यन्तै न्यून रहेको बताए।

घरमै बसेर आफूलाई चाहिएको सामान सहजै रुपमा किन्न पाइने र अनलाइनमार्फत नै पैसा तिर्न सकिने सुविधा भएकाले उपभोक्ताहरू यस सुविधातर्फ आकर्षित भएका छन्।

झाले सामाजिक सञ्जालमार्फत आउने विज्ञापन हेरेर उपभोक्ता सजिलै आकर्षित रुपमा लोभ्याइने गरेको बताए।

३ सय जना पीडित उपभोक्ताले लुगा र विभिन्न प्रकारका कस्मेटिक्ससम्बन्धी ई-कमर्स व्यापारिक प्रतिष्ठानले सामाजिक सञ्जालमार्फत जनही ५ सय रुपैयाँका दरमा ठगिएको भन्दै न्यायका लागि विभागमा उजुरी दिएका थिए।

तर कुनै प्रभावकारी रुपमा कारबाही नहुँदा आमउपभोक्ताहरु ठोस कानुनी अभावका कारण ठगिँदै आएका छन्।

## मलको कालोबजारी गर्नेको लाइसेन्स खारेजी हुने

# तोकिएको समयमा रासायनिक मल वितरण गर्नै पर्ने बाध्यता

**टुडे समाचारदाता**

जनकपुरधाम । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानलाई रासायनिक मलको सहज पहुँच पुऱ्याउने उद्देश्यले नयाँ तथा कडा व्यवस्था सहित कार्यविधि ल्याएको छ।

कृषिमन्त्री गीता चौधरीले 'अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि २०८२' को दोस्रो संशोधन स्वीकृत गरेकी छन्।

उक्त कार्यविधि लागु भएसंगै अब किसानलाई सहज रूपमा रासायनिक मल उपलब्ध हुने भएको छ भने मल आपूर्ति र वितरण प्रणाली व्यवस्थित, पारदर्शी तथा निकै प्रभावकारी हुने दाबी गरिएको छ।

कार्यविधि पूर्णरूपमा कार्यान्वयनमा ल्याइ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नुका साथै देशको खाद्य सुरक्षा सुदृढ गर्दै समग्र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

संविधानले व्यवस्था गरेको 'खाद्यसम्बन्धी हक' कार्यान्वयनमा टेवा पुऱ्याउन ल्याइएको यस विस्तृत कार्यविधिले मलको कोटा निर्धारणदेखि किसानको खेतसम्म पुग्ने सम्पूर्ण प्रक्रियालाई नियमन दायरामा ल्याएको जनाइएको छ।

कुल अनुदानको मलमध्ये खेतीयोग्य जमिनलाई २० प्रतिशत, बाली सघनता १०, सिचाइँ उपलब्धता २०, विगत पाँच वर्षको मल प्रयोग अवस्था २०, माग भएको परिमाण २० प्रतिशत र व्यावसायिक बालीहरूको क्षेत्रफललाई १० प्रतिशत भार दिई स्थानीय तहसम्मको कोटा बाँडफाँट गरिने छ।

यसका साथै सम्भावित अभाव टार्न कुल वार्षिक परिमाणको १० प्रतिशत मल वितरक कम्पनीहरूले अनिवार्य रूपमा 'बफर स्टक' (जगेडा) राख्नुपर्ने व्यवस्था गरिएको छ । जगेडा मल खाद्य सुरक्षाका दृष्टिले महत्वपूर्ण धान, मकै, गहुँजस्ता प्रमुख बाली र बीउ उत्पादनका लागि आपतकालीन अवस्थामा परिचालन गरिने छ।

मलको मूल्यमा हुने कालोबजारी अन्त्य गर्न सरकारले आयात बिन्दुमै मलको मूल्य तोकेको छ। अनुदानमा उपलब्ध गराइने मलको आयात बिन्दुको मूल्य युरियाका हकमा प्रतिकिलो १४ रुपैयाँ, डीएपी ४३ र पोटासका हकमा प्रतिकिलो ३१ रुपैयाँ कायम गरिएको छ।

अन्तिममा उपभोक्ताका लागि मूल्य निर्धारण गर्दा स्थानीय समितिले निर्धारण




गरेको ढुवानी दर र विक्रेताको सञ्चालन तथा व्यवस्थापन खर्च वापत बढीमा प्रतिकिलो एक रुपैयाँमात्र थप गर्न पाइने व्यवस्था रहेको छ।

पारदर्शीता कायम गर्न कार्यविधिमा, 'स्थानीय तहले स्थानीय समितिले निर्धारण गरेको बिक्री मूल्य स्थानीय तहको कार्यालयमा र विक्रेताको विक्री केन्द्रमा समेत सबैले देख्ने गरी टाँस गर्ने व्यवस्था मिलाउनुपर्ने छ।' भनेर स्पष्ट रुपमै उल्लेख गरिएको छ।

मल वितरणको जिम्मा मुख्यतया स्थानीय कृषि सहकारी संस्थालाई पहिलो प्राथमिकतामा राखेर दिइने छ । सहकारी नभएको खण्डमा मात्र अन्य फर्म वा कम्पनीलाई विक्रेता नियुक्त गरिने छ।

विक्रेता नियुक्त हुन दर्ता प्रमाण, लेखा परीक्षण प्रतिवेदन, पान नम्बर, गोदामघर र नापतौल मेसिन व्यवस्था अनिवार्य गरिएको छ।

विक्रेताले मल वितरणमा गर्ने ढिलासुस्ती रोक्न कडा समयसीमा तोकिएको छ। स्थानीय समितिले मोबाइल म्यासेज वा इमेल मार्फत कोटाको जानकारी गराएपछि दुर्गम ('क' वर्गका) जिल्लाका विक्रेताले २१ दिनभित्र, मध्यम ('ख' वर्गका) जिल्लाका विक्रेताले १५ दिनभित्र र सुगम ('ग' वर्गका) जिल्लाका विक्रेताले १० दिनभित्र मल खरिद गरेर लैजानुपर्ने व्यवस्था छ । तोकिएको समयमा मल नउठाएमा उक्त कोटा रद्द गरी तत्काल अर्कै विक्रेतालाई दिइने छ।

स्थानीय तहले आफ्नो क्षेत्रभित्रका कृषकको सहज पहिचानका लागि लगत संकलन गरी कृषक सूचीकरण नम्बर वा परिचयपत्र वितरण गर्नुपर्ने छ र सोही प्रमाणित विवरणका आधारमा मात्र मल दिइनु पर्ने व्यवस्था गरिएको छ।

मल वितरणमा अनियमितता गर्ने विक्रेतालाई कारबाही गर्न कडा प्रावधान राखिएको छ। यदि कुनै विक्रेताले बिल जारी नगरी मल बेचे, आफ्नो कार्यक्षेत्रभन्दा बाहिर लगेर बेचे, तोकिएभन्दा बढी मूल्य असुल गरे, लुकाइछिपाइ वा पक्षपातपूर्ण तरिकाले वितरण गरे, कृषकलाई मलसँगै अन्य सामग्री खरिद गर्न दबाब दिए वा सहकारीका सदस्य र गैरसदस्य भनेर भेदभाव गरे त्यस्ता विक्रेताको प्रमाणपत्र तत्काल खारेज गरिने छ । साथै सफ्टवेयर प्रणालीमा दैनिक कारोबार विवरण अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्ने छ।

सम्पूर्ण प्रक्रिया अनुगमन र व्यवस्थापनका लागि पाँच तहका समिति निर्माण गरिएका छन् । कृषि मन्त्रालयका सचिवको संयोजकत्वमा केन्द्रीय मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति, सहसचिवको नेतृत्वमा प्राविधिक समिति, प्रदेश मन्त्रालयका सचिवको संयोजकत्वमा प्रदेश समिति, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समिति र स्थानीय तहका उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा स्थानीय समिति रहनेछन्।

विशेषगरी प्रमुख जिल्ला अधिकारी नेतृत्वको समितिले कालोबजारी, मूल्य र गुणस्तरको निरन्तर अनुगमन गरी प्रचलित कानुन बमोजिम कडा कारबाही गर्ने अधिकार पाएको छ।

यस अतिरिक्त, प्रदेश वा स्थानीय तहले सरकारबाट अनुदानमा प्राप्त मलको मूल्यमा थप अनुदान दिन नपाउने र दोहोरो अनुदानको व्यवस्था गर्न नपाइने गरी कार्यविधिमा कडा रुपमा स्पष्ट पारेको छ।




# अपांग संघको अध्यक्षमा लामा




**टुडे समाचारदाता**

बारा । नेपाल अपांग सेवा संघ बारा शाखाको सम्पन्न ८ औं अधिवेशन तथा २४ औं साधारणसभाबाट शोभा लामा अध्यक्षमा निर्वाचित भएकी छिन् ।

लामाको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरिएको छ ।

नव निर्वाचित समितिको उपाध्यक्षमा सुनिल यादव, सचिवमा रमेश बिडारी, सहसचिवमा चन्दा कुमारी साह तथा कोषाध्यक्षमा शंकर प्रसाद दाहाल चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा प्रमोद प्रसाद राय, गोदावरी कुमारी साह, उद्धव घिमिरे, रमेश लामिछाने लगायत चयन भएका छन् । नव निर्वाचित कायृसमितीको पदावधि ३ बर्षको हुने छ । कार्यसमिती बैठकले दुई जना थप सदस्य मनोनित गर्न सक्ने प्रावधान रहेको छ ।

निर्वाचन प्रक्रियालाई निष्पक्ष, पारदर्शी र व्यवस्थित बनाउन जय प्रकाश रायको संयोजकत्वमा पाँच सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । समितिका अन्य सदस्यहरूमा सीताराम पराजुली, रञ्जन यादव, शुकदेव सिम्खडा तथा शुशीला गौतम रहेका थिए ।

संघको सभाहलमा भएको कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारीले उद्घाटन समारोहलाई सम्बोधन गर्दै भने विगतको तुलनामा अहिले अपांगता भएका व्यक्तिप्रति समाजको दृष्टिकोण सकारात्मक बन्दै गएको छ ।

उनले राज्यले पनि अपांगता भएका व्यक्तिहरूको अधिकार, सम्मान, शिक्षा, स्वास्थ्य, रोजगारी तथा आत्मनिर्भरता सुनिश्चित गर्न विभिन्न नीति तथा कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गरे । उनले स्थानीय तहले समेत अपांगता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर विभिन्न सहयोग तथा सशक्तिकरणका कार्यक्रम अघि बढाइरहेको बताए ।

# सिमरा सेजको चार सय नब्बे बिघा जमिन अतिक्रमित




वीरगञ्ज । सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरण मातहत रहेको ४९० बिघा जमिन अतिक्रमण भएको छ । सेजको सो जग्गामा अहिले करिब छ सयभन्दा धेरैले घरटहरा निर्माण गरेर अस्थायी रूपमा बसोबास गरिरहेका छन् ।

विशेष आर्थिक क्षेत्र प्राधिकरण मातहत ८३३ बिघा जग्गा भए पनि अहिले ३४३ बिघा क्षेत्रफलअन्तर्गत विभिन्न ब्लकमा उद्योग तथा कलकारखना सञ्चालन एवं केही उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । तर, बाँकी रहेको अन्य जग्गामा अतिक्रमण गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसिरहेका छन् ।

सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका साइट इन्चार्ज तथा इन्जिनियर पप्पु गिरीले ४९० बिघा क्षेत्रफलमा किसानले खेतीपाती गरेर अतिक्रमण गर्दै आइरहेकाले अब हटाउने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो ।

प्राधिकरणले गत वैशाख ९ गते पत्र लेखेर जितपुरसिमरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रहरी कार्यालय बारालाई पत्र लेखेर जग्गा अतिक्रमण हटाउनका लागि आवश्यक समन्वय र सहजीकरण गर्नका लागि अनुरोध गरिएको छ ।

"विशेष आर्थिक क्षेत्रको जग्गा अतिक्रमण गरी बनेका घरटहरा हटाउन, लगाइसकेका बालीनाली उठाउन तथा नयाँ बालीनाली नलगाउन स्थानीयलाई जानकारी गराएर अतिक्रमित जग्गा खाली गराउनका लागि अनुरोध भइसकेको छ," सेजका साइट इन्चार्ज गिरीले भन्नुभयो, "सरकारी निकायसँग आवश्यक समन्वय गर्ने काम भइरहेको छ ।"

विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमराका सबइन्जिनियर अजयकुमार चौधरीले वीरगञ्ज चिनी कारखाना बन्द भएपछि सो कारखानामा काम गर्ने ९३ जना कामदारलाई अस्थायी रूपमा बसोबास गर्न र खनजोत गर्नका लागि प्रतिपरिवार छ कट्ठाका दरले जग्गा उपलब्ध भएको जानकारी दिनुभयो ।

"हामीले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउनका लागि आवश्यक प्रक्रिया अघि बढाइसकेका छौँ," उहाँले भन्नुभयो, "जितपुर सिमरा उपमहानगरपालिका र स्थानीय प्रशासनबाट सहयोग गर्ने प्रतिबद्धता पाइसकेका छौँ ।" प्राधिकरणका अनुसार अहिले यहाँ अस्थायी रूपमा घरटहरा बनाएर करिब छ सयभन्दा धेरै बसोबास गर्दै आइरहेको जनाएको छ । प्राधिकरणअन्तर्गत पाँच वटा ब्लक रहेका छन् ।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणको अतिक्रमित जग्गा र घरटहरा हटाउनका लागि आवश्यक शान्तिसुरक्षा दिनका लागि तयार रहेको बताउनुभयो । "प्राधिकरण र गृहमन्त्रालय दुवै निकायबाट अतिक्रमित जग्गा हटाउन आवश्यक समन्वय र सहजीकरण गर्न अनुरोध आएको छ," उहाँले भन्नुभयो, "प्राधिकरणले मिति तोकेर हटाउन भनेपछि हामीले आवश्यक शान्तिसुरक्षा उपलब्ध गराएर सहजीकरण गर्न तत्पर रहेका छौँ ।"

'ए' ब्लकमा ३४३ बिघा जग्गा रहेको छ । जहाँ अहिले आधा दर्जनभन्दा धेरै उद्योग चालु अवस्थामा रहेका छन् भने एक दर्जन उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै, 'बी' ब्लकमा १२८ बिघा क्षेत्रफल रहेको छ । जहाँ ७० प्रतिशतभन्दा धेरै जग्गा प्राधिकरण मातहत नै छ । त्यस्तै 'सी' ब्लकमा भने ४९ दशमलव ५ बिघा जग्गा रहेको छ । त्यस्तै 'डी' ब्लकमा १३३ बिघा र 'इ' ब्लकमा १७८ दशमलव ५ बिघा जग्गा रहेको छ । रासस

# जेनजी घाइतेको विवरण सार्वजनिक

काठमाण्डु । सरकारले जेनजी आन्दोलनका क्रममा घाइते भएका सूचीकृत सम्पन्न गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पछिल्लो पटक थप २२ जनाको नाम समावेश गर्दै जेनजी आन्दोलनमा घाइतेको सूचीकृत सम्पन्न गरेको हो ।

पछिल्लो पटक प्राप्त २५० जनामध्ये २२ जना मात्र घाइतेको नाम सूचीकृत गरेसँगै जेनजी आन्दोलनमा घाइतेको विवरण सार्वजनिक गरिएको स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्रका प्रमुख डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

उहाँका अनुसार मन्त्रालयको मापदण्डअनुसार जेनजी आन्दोलनका क्रममा घाइतेको सङ्ख्या दुई हजार ६६० पुगेको छ । "निर्वाचनपछि नयाँ सरकार बनपछि थप हामीसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय र अन्य ठाउँबाट २५० जनाको नाम आएको थियो," उहाँले भन्नुभयो, "तर मन्त्रालयको मापदण्डअनुसार २२ जना मात्र घाइतेको प्रमाणीकरण गरी सूचीकृत गरिएको हो ।"

केन्द्रका प्रमुख डा बुढाथोकीले ती २२ जनाको नाम गत भदौ २३ र २४ गतेको अस्पतालमा भएको 'रेकर्ड' र अस्पतालको प्रमुखले प्रमाणीकरण पठाएपछि मात्र मन्त्रालयले प्रमाणीकरण गरी सूचीकृत गरेको बताउनुभयो । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा देशभरिका ९९ अस्पतालमा घाइतेको उपचार भएको थियो । नयाँ प्रमाणीकरण भएका २२ जनाको नाम गृहमन्त्रालयमा पठाइएको उहाँले बताउनुभयो । रासस

# गाँजासहित दुई पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा मुसहरनिया गाउँपालिका-६ लक्ष्मीपुर क्षेत्रबाट उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीका अनुसार इलाका प्रहरी कार्यालय बहुअर्वाबाट खटिएको टोलीले उक्त स्थानमा छापा मार्दा प्लास्टिकका बोरा भित्र राखिएको करिब २३० किलोग्राम गाँजा बरामद गरेको हो । चेकजाँचको क्रममा गाँजासहित बीआर ३२ डी ५८९२ नम्बरको भारतीय मोटरसाइकल, दुई थान मोबाइल समेत जफत गरिएको जनाइएको छ ।

पक्राउ पर्नेहरूमा मुखियापट्टी मुसहरनिया ६ लक्ष्मीपुरका २६ वर्षीय गणेश कुमार यादव र २३ वर्षीय जितेन्द्र कुमार यादव रहेका छन् । उनीहरूलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जिप्रका धनुषाका प्रवक्ता गणेशबहादुर बमले जनाएको छ । उनका अनुसार लागुऔषध कारोबार नियन्त्रणका लागि अभियानलाई अझ सशक्त बनाइएको छ ।

# थप १९ चिकित्सकको लाइसेन्स खारेज

काठमाण्डु । नेपाल मेडिकल काउन्सिलले थप १९ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ । काउन्सिलले नेपाली नागरिकता परित्याग गरेका १९ जना चिकित्सकको लाइसेन्स दर्ता खारेज गरेको काउन्सिलका रजिष्ट्रार डा सतिशकुमार देवले जानकारी दिनुभयो ।

यसअघि काउन्सिलले नेपाली नागरिकता त्यागेर विदेशी राहदानी लिएका १७ जनाको लाइसेन्स खारेज गरेको थियो । उहाँले नेपाली नागरिकता त्यागी विदेश राहदानी लिएका ती चिकित्सकको लाइसेन्स खारेज गरिएको बताउनुभयो । उहाँले ती चिकित्सकको दर्ता किताबबाट नाम समेत हटाइएको बताउनुभयो ।

"नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ती १९ जना चिकित्सकको काउन्सिलको दर्ता कितावबाट नाम दर्ता खारेज गर्ने निर्णय गरिएको छ," उहाँले भन्नुभयो ।

ती चिकित्सक नेपाली नागरिकता त्यागेर ब्रिटिस, क्यानेडियन, अमेरिकन, न्युजिल्यान्ड, जर्मन, अष्ट्रेलियन र भारतीय नागरिकता लिएकाले दर्ता खारेज गरिएको हो । उहाँका अनुसार डा सुमिन्द्रा पुन, डा शैलेशकुमार जयसवाल, डा भूपेश खड्का, डा आरती रानाभाट, डा रमेशराज पहारी, डा सञ्जोक घले, डा ऋषिराज बराल, डा प्रभु पाण्डे, डा तृप्ती महर्जन र डा सृजना श्रेष्ठ रहनुभएको छ ।रासस

# ट्राफिक नियम उल्लंघन भएमा लाइसेन्स र ब्लुबुक नखोजिने



काठमाण्डु । के तपाईँ ट्राफिक नियम उल्लङ्घनमा परेपछि प्रहरीलाई सवारी चालक अनुमतिपत्र र 'ब्लुबुक' बुझाउँदा हैरानी खेप्नुभएको छ ? ट्राफिक व्यवस्थापनका लागि खटिने प्रहरीको पनि त्यसरी कागजपत्र लिनु रहरको विषय नहुन सक्छ । हालसम्मको अभ्यासमा ट्राफिक कारबाहीमा सवारी चालकको कागजपत्र जाँच गर्ने र जरिवाना गराउने कार्य हुँदै आए पनि अब सवारी चालक र ट्राफिक दुवैलाई यो झन्झट नहुने भएको छ ।

सर्वोच्च अदालतले ट्राफिक नियम उल्लङ्घन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायत कागजपत्र नियमन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेपछि ट्राफिक व्यवस्थापन र कारबाहीमा नयाँ अभ्यास देखिने भएको छ ।

न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र श्रीकान्त पौडेलको संयुक्त इजलासले गत पुस ६ गते गरेको फैसलाको हालै सार्वजनिक भएको पूर्णपाठमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको चालक अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा नलिन फैसला गरेको हो ।

नेपाल ल क्याम्पसमा अध्ययनरत कानुनका विद्यार्थी विवेक चौधरीले दायर गरेको रिट निवेदनमाथि यो फैसला भएको हो । निवेदक चौधरी विसं २०८१ साउन ४ गते बबरमहलमा ट्राफिक लाइट उल्लङ्घनमा पर्दा प्रहरीले जरिवाना गरी लाइसेन्स नियन्त्रणमा लिएको र २४ घण्टापछि मात्र फिर्ता दिएको समस्या लिएर अदालत जानुभएको थियो ।

उक्त विषयमा अदालतले सरोकारवाला सबै निकायसँग छलफल गरी निष्कर्षमा पुग्दा ट्राफिक नियम उल्लङ्घन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियमन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेको हो ।

ट्राफिक प्रहरी कार्यालयले सवारी चालकहरूको सवारी चालक अनुमतिपत्रसमेत नियन्त्रणमा लिने सम्बन्धमा कुनै निर्णय गरेको देखिएन । "सार्वजनिक अधिकारीको स्वेच्छाचारितालाई अदालतले मान्यता दिन हुँदैन, यसमा आवश्यक नियन्त्रण गर्नु जरुरी हुन्छ", फैसलामा भनिएको छ, "जहाँ स्वेच्छाचारिताले प्रश्रय पाउँछ, त्यहाँ कानुनी राज्यको आदेश निमोठिन पुग्छ ।"

अदालतले ट्राफिक प्रहरीले निवेदक र अन्य व्यक्तिको सवारी चालक अनुमितपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियन्त्रणमा लिन कानुनले अनुमति प्रदान नगरेको अवस्थामा नियन्त्रणमा लिने गरेको भन्ने देखिएको हुँदा त्यस्तो स्वेच्छाचारी र कानुनविपरीतको कार्य रोक्न निर्देशनात्मक आदेशसमेत गरेको छ ।

फैसलामा भनिएको छ, "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा लिने कार्य नगर्नु/नगराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी छ ।" अदालतले गृह मन्त्रालय, नेपाल प्रधान कार्यालय र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका नाममा उक्त निर्देशनात्मक आदेश गरेको हो ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने व्यवस्था भने गरेको छ । ऐनको (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पहिलोपटक ट्राफिक नियम उल्लङ्घन गर्नेलाई रु पाँच सय रुपैयाँ, दोस्रोपटक गर्नेलाई रु एक हजार र तेस्रोपटक वा सोभन्दा बढी पटक गर्नेलाई रु एक हजार ५०० जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्ने व्यवस्था छ ।

ट्राफिक प्रहरीले जरिवाना गर्न सक्ने अवस्थाहरूमा ट्राफिक सङ्केत वा इशारा उल्लङ्घन गरी सवारी चलाएमा, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएमा, सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेमा, सडकमा गलत मार्गतर्फबाट सवारी चलाएमा, एकतर्फी सडकमा सोविपरीत सवारी चलाएको, अवस्था ठिक नभएको सवारी सञ्चालन गरेकालगायत छन् ।

त्यस्तै, निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा, राति बत्ती नबाली सवारी चलाएमा, मादक पदार्थ सेवन गरी सवारी चलाएमा, अरूलाई बाधा पुग्नेगरी सार्वजनिक स्थानमा सवारी राखेमा, सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएमा, नम्बर प्लेट नराखी सवारी चलाएमा, सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी भएका सवारी चलाएमा प्रहरीले जरिवाना गर्न सक्नेछ ।

साथै, पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएमा, सवारीमा बस्ने वा राखे मानिस वा मालसामानको हद निर्धारित गरिएकामा सोहदभन्दा बढी राखी सवारी चलाएमा, सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा, निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा, लापरवाही साथ सवारी चलाएमा, वाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा र चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा जरिवाना गर्ने व्यवस्था छ ।

> "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा लिने कार्य नगर्नु/नगराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी छ ।"

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ ले ट्राफिक प्रहरीलाई केवल जरिवाना गर्ने अधिकार दिएकामा कानुनले तोकेको भन्दा बढी अधिकार प्रयोग गरी सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिँदा व्यक्तिको आवतजावत गर्ने र आफ्नो पेसा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लाग्ने अदालतले व्याख्या गरेको छ ।

फैसलामा भनिएको छ, "विधिको शासनको विपरीत हुन जान्छ, नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरेको अवस्थामा कानुनविपरीत प्रहरीले कुनै चालकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिने कार्यले नेपालको संविधानको धारा १८ अन्तर्गत समान संरक्षणको हकलाई समेत असर पार्दछ ।"

अदालतले व्यक्तिको हक अधिकार वा स्वतन्त्रतालाई असर पार्ने जुनसुकै कार्य पनि स्पष्ट कानुनी शक्तिको आधारमा गरिएको हुनुपर्ने र जुन काम प्रत्यक्ष रूपले गर्न पाइँदैन त्यो काम अप्रत्यक्ष रूपले समेत गर्न नमिल्ने भनेको छ ।

फैसलामा भनिएको छ, "सवारी नियमको उल्लङ्घन गरेमा हुने सजायअन्तर्गत चालक अनुमतिपत्र, ब्लुबुक र गाडीको साँचो कब्जामा लिने कानुनी व्यवस्थाको अभावमा सोकार्य कुनै निकाय वा अधिकारीबाट हुन्छ भने उक्त कार्यले व्यक्तिको मर्यादालाई असर पार्ने हुँदा यस प्रकारका सवारी नियमको उल्लङ्घन भएको अवस्थामा चालक अनुमतिपत्रलगायत कागजात नियन्त्रणमा लिनु न्यायपूर्ण मान्न नमिल्ने हुँदा निवेदकबाट अनुमतिपत्रलगायत कागजात कब्जामा लिने कार्य गैरकानुनी देखिन आयो ।"

कानुनी व्यवस्थालाई हेर्दा, सवारी नियमको उल्लङ्घन गरेबापत सवारी चालकको सवारी चालक अनुमतिपत्र वा अन्य सवारीसँग सम्बन्धित कागजात नियन्त्रणमा लिने, जफत गर्ने अधिकार ट्राफिक प्रहरीलाई कानुनले दिएको कहीँ पनि नदेखिएको अदालतले व्याख्या गरेको छ । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज अनावश्यक धन खर्च हुन सक्छ । |
| वृष : | साथीभाइ र दाजुभाइको सहयोगले अधुरा रहेका कामहरु पुरा हुनेछन् । |
| मिथुन : | आज आर्थिक लाभको योग छ । |
| कर्कट : | आज तपाईको व्यक्तित्वमा निखार आउनेछ । |
| सिंह : | आयस्रोत भन्दा खर्चको मात्रा बढ्न सक्छ । |
| कन्या : | आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । आजको दिन सुखद रहनेछ । |
| तुला : | कार्यक्षेत्रमा उच्च अधिकारीहरुको प्रशंसा पाइनेछ । |
| वृश्चिक : | आजको दिन भाग्यको साथ रहनेछ । मनमा नयाँ उत्साह जाग्नेछ । |
| धनु : | सवारी साधन चलाउँदा सावधानी अपनाउनु उपयुक्त हुनेछ । |
| मकर : | साझेदारीमा गरिएको कामबाट लाभ हुनेछ । |
| कुम्भ: | कानूनसम्बन्धी विवाद वा समस्याहरु बाट मुक्ति मिल्नेछ । |
| मीन: | शिक्षा-दीक्षको क्षेत्रमा सफलता मिल्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'उभौली पर्वले हामी सबैलाई संविधानको रक्षा र संरक्षण गर्न प्रेरणा मिलोस्'



काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले 'उभौली पर्वले हामी सबैलाई प्रकृतिको संरक्षण र संवर्द्धन गर्नका साथै सबै नेपाली जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको रक्षा र संरक्षण गर्न प्रेरणा मिलोस्' भनी कामना गर्नुभएको छ ।

उहाँले आज उभौली पर्वका अवसरमा किरात समुदायलगायत सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दै कामना गर्नुभएको हो । प्रकृतिसँगको सहअस्तित्व, ऋतु परिवर्तनको स्वागत तथा सामूहिक एकताको प्रतीकका रूपमा मनाइने उभौली पर्वले हाम्रो मौलिक संस्कृति र परम्पराको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको उहाँको भनाइ छ । उहाँले यस पर्वले प्रकृतिप्रतिको प्रेम एवं सम्मान, सामूहिकता र श्रमप्रतिको आदरलाई अझ सुदृढ बनाउने गरेको पनि बताउनुभएको छ ।

अध्यक्ष दाहालले भन्नुभएको छ, "विविधता हाम्रो पहिचान र शक्ति हो । विविधताभित्रको एकता नै हामी नेपाली हुनुको पहिचान हो, यस्ता मौलिक पर्वहरूले नेपाली समाजमा आपसी सद्भाव, सहिष्णुता र एकता अभिवृद्धि गर्दै राष्ट्रिय एकताको आधारलाई अझ मजबुत बनाएका छन् ।"

उभौली पर्वमा प्राकृतिक प्रकोपबाट बच्न र अन्न बाली राम्रो होस् भनी पूजा गरी भूमि देवतालाई खुसी बनाउने चलन छ । प्रकृतिलाई खुसी तुल्याएर भूमिबाट बढीभन्दा बढी लाभ लिने परम्परा संस्कृतिका दृष्टिले मात्र नभएर हाम्रो कृषिप्रधान देशका लागि थप प्रेरणादायी र सन्देशमूलक भएको अध्यक्ष दाहालको भनाइ छ । रासस

# सीमा सुरक्षादेखि 'डिजिटल'रूपान्तरणमा सशस्त्र प्रहरी



काठमाण्डु । मुलुकको शान्ति सुरक्षा, सीमा सुरक्षा, विपद् व्यवस्थापन, राजस्व चुहावट नियन्त्रणको मुख्य जिम्मेवारीमा रहेको सशस्त्र प्रहरी बल नेपालले पछिल्ला वर्षहरूमा नीतिगत, संस्थागत र संरचनागत क्षेत्रमा परिणाम देखिनेगरी फड्को मारेको छ । सशस्त्र प्रहरी बलका १२औँ सङ्गठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको चारवर्षे कार्यकालमा नीतिगत सुधार, सीमा सुरक्षा व्यवस्थापन, आन्तरिक सुरक्षा, मानव स्रोत विकास र विपद् प्रतिकार्यका क्षेत्रमा असरदार नतिजा हासिल गरेको छ ।

सीमा सुक्षाको प्रमुख जिम्मेवारी वहन गर्दै आएको सशस्त्र प्रहरीले सीमा सुरक्षा विभागको पुनर्स्थापना गरी सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि, चोरी निकासी पैठारी र मानव बेचबिखनलगायतका कार्य नियन्त्रणमा अहोरात्र खटिइरहेको छ । यस अवधिमा तीन हजार ७५७ वटा सीमा स्तम्भहरूको निर्माण, मर्मतसम्भार तथा रङरोगन गरिएको छ ।

सीमा सुरक्षामा नागरिकहरूसँगको सहकार्यलाई आत्मसात् गर्दै 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' सञ्चालन गरिएको प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो ।

नेपाल-भारत सीमाका स्टिप म्याप १८२ थान नक्सा नापी विभागबाट प्राप्त गरी सीमा सुरक्षा विभागमा 'बोर्डर रिसोर्स एन्ड रिसर्च सेन्टर' (बिआरआरसी) स्थापना गरिएको छ । सीमा क्षेत्रमा ११० स्थानमा ३८८ वटा सिसीक्यामेरा जडान गरी निगरानी बढाइएको र ३२ वटा थप बोर्डर आउटपोष्ट (बिओपी)हरू स्थापना गरिएको छ । ४५ वटा प्रस्तावित सीमा सुरक्षा गुल्मलाई स्तरोन्नति गरी स्थायी संरचनामा लगिएको र सीमा सुरक्षार्थ थप ३२ वटा बिओपीको स्थापना गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

पछिल्ला चार वर्षमा सशस्त्र प्रहरी सङ्गठनको कामकारबाहीलाई व्यवस्थित बनाउन १०९ वटा विभिन्न कार्यविधि, निर्देशिका, मापदण्ड, स्थायी आदेश र कार्ययोजना तयार गरी लागू भएको छ । प्रहरी कर्मचारीको वृत्तिविकासका लागि नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी विभिन्न तहका १७ हजार १६३ कर्मचारीको पदोन्नति गरिएको, सशस्त्र प्रहरी कर्मचारीको सरुवा, बढुवा र पदस्थापनालाई थप पारदर्शी पूर्वानुमानयोग्य बनाउन सूची प्रकाशन गर्ने कार्यको थालनी भएको छ । आर्थिक पारदर्शिता अनुगमनका लागि विशेष युनिटको समेत स्थापना गरिएको छ ।

सकल दर्जाको मनोबल अभिवृद्धिका लागि यस अवधिमा उत्कृष्ट कार्यसम्पादन गर्ने ४५ जना सशस्त्र प्रहरी कर्मचारीको विशेष तथा ७७ जना सशस्त्र प्रहरी कर्मचारीको अनिवार्य अवकाश विशेष बढुवा गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्याल २०७९ वैशाख १९ गते सङ्गठन प्रमुखमा नियुक्त हुनुभएको थियो । उहाँ चारवर्षे कार्यकाल पूरा गरी भोलिदेखि अवकाशमा जाँदै हुनुहुन्छ । सरकारले सशस्त्र प्रहरी अतिरिक्त महारनिरीक्षक नारायणदत्त पौडेललाई नियुक्त गर्ने निर्णय गरिसकेको छ ।

'एक सिपाही एक सीप नीति'अनुरूप दुई हजार २१९ जनालाई विभिन्न सीपमूलक तालिम दिइएको, विपद् व्यवस्थापनका लागि १३४ जना गोताखोर तयार गरी सबै प्रदेशहरूमा परिचालन गरिएको छ । प्रतिविद्रोह तथा प्रतिआतङ्कवादसम्बन्धी विशिष्टीकृत तालिमहरू आफ्नै सङ्गठनभित्र सञ्चालन गर्न थालिएको छ । मनाङस्थित शिक्षालयमा 'हाइ अल्टिच्युड' तालिम सञ्चालन गरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा हुने विपद् उद्धारका लागि दक्ष जनशक्ति उत्पादन गरिएको छ ।

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन उद्देश्यका साथ नौ स्थानमा नयाँ विपद् व्यवस्थापन बेसहरू थप गरिएको छ । विपद् राहत कोषको स्थापना गरिएको छ । विपद् उद्धार सामग्रीको थप व्यवस्था र मनसुनलक्षित उद्धार टोली परिचालन गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

यस अवधिमा कल्याणकारी कार्यतर्फ स्थायी युनिटहरूमा शिशु स्याहार केन्द्र स्थापना, वीरगतिप्राप्त कर्मचारीका परिवार र अवकाशप्राप्त कर्मचारीलाई परिचयपत्र वितरण सुरु गरिएको छ ।

कर्मचारीका अपाङ्ग सन्ततिलाई राहत भत्ता, आवास कर्जाको दायरामा वृद्धि गरिएको छ । नेपाल एपिएफ अस्पताललाई ११० शय्याबाट ३०० शय्यामा विस्तारका लागि स्वीकृति लिनुका साथै 'एपिएफ नेपाल इन्स्टिच्युट अफ हेल्थ साइन्स'को स्थापना गरिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

अस्पतालमा डायलाइसिस, प्रसूति सेवा र अनकोलोजी (क्यान्सर) युनिट जस्ता सेवाहरू थप गरिएको छ । अमर सशस्त्र प्रहरीका ५६ स्थानमा शिलालेख स्थापना, कर्मचारीका अपाङ्ग सन्ततिहरूलाई मासिक आर्थिक राहतको व्यवस्था र तल्लो दर्जाका कर्मचारीलाई लक्षित गरी आवास कर्जा र सामाजिक व्यवहार कर्जाहरूको सुरुआत गरिएको छ ।

'डिजिटल' बोर्डर अवधारणालाई कार्यान्वयनमा लैजाने योजना पेस गरिएको छ । भारत र चीनस्थित नेपाली राजदूतावासमा सशस्त्र प्रहरीको प्रतिनिधि राख्ने र सीमा व्यवस्थापन प्राधिकरण गठन गर्नेजस्ता महत्त्वपूर्ण योजना पाइप लाइनमा रहेको सशस्त्र प्रहरीले जनाएको छ । देशभरका छ हजार ७४३ वडामा एक लाख ६८ हजार ९५६ जना विपद् सूचकहरूको रोस्टर तयार गरी स्थानीयस्तरमै उद्धार संयन्त्र बलियो बनाउने कार्य भइरहेको छ । रासस

# विश्व सम्पदास्थल स्वयम्भूमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय भक्तजनको सहजता तथा सुरक्षाका लागि तयारी पूरा



काठमाण्डु । स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिले विश्व सम्पदास्थल स्वयम्भूनाथ चैत्यमा हुने यस वर्षको २५७०औँ बुद्ध जयन्तीको सम्पूर्ण तयारी पूरा गरेको छ ।

महासमितिले बुद्ध जयन्तीका दिन स्वयम्भूमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय तहमा आउने भक्तजनलाई सहजता तथा सुरक्षाका लागि आवश्यक तयारी पूरा भएको जनाएको छ । मन्दिरमा दर्शनार्थीको लाइन तथा भीड व्यवस्थापन, सुरक्षा प्रबन्ध, पथप्रदर्शनलगायत कार्यका लागि स्वयंसेवक परिचालन गरिनेछ । मन्दिर परिसरमा प्रसाद वितरण, भीड व्यवस्थापनका लागि सिसीक्यामेरा जडान गरिएको छ भने विभिन्न स्थानमा स्वास्थ्य शिविर तथा एम्बुलेन्सको व्यवस्था गरिएको छ ।

प्रत्येक वर्ष मन्दिरमा लाग्ने मेलालाई व्यवस्थित बनाउन महासमितिले काठमाडौँ महानगरपालिका, स्थानीय क्लब, सुरक्षाकर्मीको समन्वयमा व्यवस्थापनसम्बन्धी कार्ययोजना निर्माण गरेर त्यसलाई कार्यान्वयन गर्दै आएको महासमिति अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थवीरले जानकारी दिनुभयो ।


काठमाडौँ महानगरपालिका-१५ कार्यालयको समन्वयमा स्थानीय सङ्घसंस्थाको सहभागितामा मन्दिर तथा त्यस आसपास क्षेत्रका जङ्गलमा सरसफाइ गरिएको छ । यस क्षेत्रमा सरसफाइका साथै रङरोगन, बुद्ध झण्डा व्यवस्थापन, सडकबत्ती जडान गरिएको छ । बुद्ध जयन्तीलाई नेपालसहित भारत, चीन, श्रीलङ्का, भुटान, थाइल्यान्ड, म्यान्मार, मङ्गोलिया, कम्बोडिया, लाओसमा विशेष सम्मानका साथ मनाइन्छ ।

महासमिति अध्यक्ष भिक्षु महास्थवीरको संयोजकत्वमा बुद्धजयन्ती व्यवस्थापन मूल समारोह समिति गठन गरिएको छ । बुद्ध जयन्ती व्यवस्थित रूपमा मनाउने प्रचलनअनुसार यस वर्ष पनि विभिन्न धार्मिक कार्यक्रम आयोजना गरिएको छ ।

नेपालमा तत्कालीन राजा त्रिभुवनले विसं २००६ जेठ ८ गतेदेखि सरकारी मान्यता दिएपछि नेपालमा बौद्धमार्गी नेपालीले बुद्ध जयन्ती मनाउन थालेको महासमितिका सचिव चन्द्ररत्न बुद्धाचार्यले जानकारी दिनुभयो ।

स्वयम्भूस्थित आनन्दकुटी बिहारले पनि सोही दिन मनाउने बुद्ध पूजामा विभिन्न देशका राजदूतसहित उच्च तहका व्यक्तिलाई निम्ता गरेको जनाएको छ । बिहारले अस्थि धातुसमेत प्रदर्शन गर्नेछ । बुद्धको अन्त्येष्टिका क्रममा सङ्कलन गरिएको अवशेषलाई अस्थि धातु भनिन्छ । रासस

# उपत्यकाका बागमती र सहायक नदी किनारका जोखिमयुक्त बस्ती स्थानान्तरण



काठमाण्डु । सरकारले दोस्रो चरणअन्तर्गत शुक्रबारदेखि काठमाण्डु उपत्यकाका बागमती तथा सहायक नदी किनारमा रहेका जोखिमयुक्त बस्ती स्थानान्तरण गर्ने भएको छ ।

पहिलो चरणमा थापाथली, सिनामङ्गल-गैरीगाउँ, शान्तिनगर र मनोहरा क्षेत्रका बस्ती स्थानान्तरण गरिसकिएकाले आजदेखि दोस्रो चरणको काम अघि बढाइने सहरी विकासमन्त्री सुनिल लम्सालले जानकारी दिनुभयो ।

उक्त प्रक्रियालाई व्यवस्थित बनाउन बिहीबार सहरी मन्त्रालयमा विभिन्न सरकारी निकायको संयुक्त बैठक बसेको थियो । सो बैठकले बस्ती स्थानान्तरणको आवश्यक तयारी पूरा भएको निष्कर्ष निकालेको थियो ।

मन्त्रालयका अनुसार जोखिमयुक्त बस्ती स्थान्तरणलाई सहज बनाउन त्यस्ता क्षेत्रमा बसोबास गर्ने नागरिकलाई बसमार्फत प्राथमिक दर्ता केन्द्रका रूपमा दशरथ रङ्गशाला पुर्याइनेछ । रङ्गशालामा तीनवटा सहायता कक्ष सञ्चालन गरिनेछन् । पहिलो कक्षमा सूचना तथा तथ्याङ्क सङ्कलन, दोस्रोमा सुकुम्वासी पहिचानका लागि स्वघोषणा फारम भर्ने तथा आवश्यक सामाजिक विवरण र तेस्रो कक्षमा गृह मन्त्रालयको टोलीद्वारा डिजिटल तथ्याङ्क सङ्कलन गरिनेछ ।

त्यसैगरी, होल्डिङ सेन्टरमा लैजान नसकिने सरसामानजस्तै दराज, टेबुल, खाटको भण्डारण तथा सुरक्षाका लागि सुरक्षा निकायले सहयोग गर्नेछन् । आश्रयस्थल नभएका वा स्वयं व्यवस्थापन गर्न नसक्ने परिवारलाई होल्डिङ सेन्टरसम्म पुर्याउन पनि बसको व्यवस्था गरिएको छ ।

मन्त्रालयले तत्काल स्वास्थ्य सेवा, मानवीय सहायता तथा मनोपरामर्श सेवाको व्यवस्थासमेत गरेको छ । यी सेवा प्राथमिक दर्ता केन्द्र र होल्डिङ सेन्टर दुवै स्थानमा उपलब्ध हुनेछन् ।

सङ्कलित विवरणका आधारमा सुकुम्वासीको पहिचान तथा प्रमाणीकरण गरिनेछ । पहिचान हुन नसकेका व्यक्तिहरूलाई भने होल्डिङ सेन्टरबाट फिर्ता पठाइनेछ । पहिचान भएका परिवारलाई निश्चित अवधिसम्म आवश्यक सहयोग प्रदान गरिने र पुनःस्थापनाका लागि थप प्रक्रिया अघि बढाइने छ ।

विगतमा नदी किनार अतिक्रमण गरी भाडा वा व्यापार सञ्चालन गरेका तथा गैरकानुनी गतिविधिमा संलग्न व्यक्तिहरूको छानबिन गरिने र दोषी ठहरिए कानुनी कारबाही गरिने मन्त्रालयले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले बुधबार एक सूचना जारी गर्दै जिल्लाका विभिन्न स्थानीय तहका नदी किनाराका बस्ती एवं सरकारी, पर्ति, सार्वजनिक वा व्यक्तिको निजी स्वामित्वका जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा आज साँझसम्म खाली गर्न आग्रह गरेको थियो ।

विपद्को उच्च जोखिममा रहेका ती बस्तीहरू वैशाख १८ गते बिहान ७:०० बजेदेखि खाली गर्ने कार्य शुरु हुने सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालले राससलाई जानकारी दिनुभयो । रासस

## मनोहरा नदीले धार परिवर्तन गर्दा सरेको ११५ रोपनी जग्गा मिलाउँदै कामपा

काठमाण्डु । काठमाण्डु महानगरपालिकाले मनोहरा नदीले धार परिवर्तन गर्दा सरेको ११५ रोपनी जग्गा मिलाउन, प्राविधिक र प्रशासनिक परामर्श सुरु गरेको छ । नदी किनाराका अव्यवस्थित बस्ती हटाइसकेपछि जग्गा संरक्षणको कार्य अघि बढाएको कामपाको कार्यवाहक प्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो । कामपाले सञ्चालन गरिरहेको मनोहरा जग्गा एकीकरण आयोजनाको स्वीकृत विस्तृत परियोजना प्रतिवेदनअनुसार नदीले परिवर्तन गरेको धार फर्काउनका लागि प्राविधिक तथा प्रशासनिक परामर्श थालिएको कार्यवाहक प्रमुख डङ्गोलको भनाइ छ ।

स्वीकृत डिपिआरअनुसार नदी २०२१ सालको नापी नक्साबमोजिम हुनुपर्नेमा नदीले बहावले स्थान परिवर्तन गरेर पश्चिमतर्फ सरेको छ । यसले गर्दा काठमाडौँतर्फको करिब १०० रोपनी जमिन भक्तपुरतर्फ र भक्तपुरतर्फको करिब १५ रोपनी जग्गा काठमाडौँतर्फ सरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँ र मनोहरा जग्गा एकीकरण आयोजनाका प्रमुख निर्मलराज बरालसँग नदी क्षेत्रको नक्सा अध्ययन गर्दै कार्यवाहक प्रमुख डङ्गोलले, कानुनी तथा प्रशासनिक प्रक्रिया तत्काल पूरा गरेर डिपिआरबमोजिमको बहाव क्षेत्र कायम गराउने काम कामपाको प्राथमिकतामा रहेको जानकारी दिनुभयो ।

"नदी किनारामा अव्यवस्थित बस्ती भएका कारण यसअघि सञ्चालन गर्न नसकिएका काम तत्काल अगाडि बढाएर आयोजनालाई चाँडो सम्पन्न गराउनुपर्ने बताइएको छ । यसका लागि लागत अनुमान तयार पार्ने, जनशक्ति परिचालन योजना बनाउने र योजना तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ", कामपाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँलाई निर्देशन दिँदै उहाँले भन्नुभयो, "बस्तीबाट आफूलाई भूमिहीन भनेर विवरण टिपाउनुभएका व्यक्तिहरूको उचित व्यवस्थापन, बस्ती खाली गराइएका ठाउँको निर्माणजन्य सामग्रीको व्यवस्थापन र ती स्थानलाई बारबेर गरेर संरक्षण गर्ने कामलाई उच्च प्राथमिकता दिएर अगाडि बढाउनुहोला ।" रासस

# नेपालका प्रजनन स्वास्थ्य अधिकारका मुद्दा विश्व मञ्चमा




काठमाण्डु । अष्ट्रेलियाको मेलबर्नमा चार दिनसम्म चलेको विश्वव्यापी सम्मेलन 'विमेन डेलिभर २०२६' सम्पन्न भएको छ । अप्रिल २७ देखि ३० सम्म आयोजित उक्त सम्मेलनको अन्तिम दिन नेपाल केन्द्रित विशेषसत्र आयोजना गरिएको थियो, जहाँ नेपालको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार (एसआरएचआर)को अवस्था, उपलब्धि र चुनौतीबारे छलफल गरिएको महिला, कानुन र विकास मञ्चले जनाएको छ ।

नेपालसम्बन्धी उक्त विशेषसत्र मञ्च, ओरेक नेपाल र वन हर्ट वर्ल्ड वाइडको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । सत्रमा नेपालमा प्रजनन स्वास्थ्य अधिकारको कानुनी व्यवस्था, कार्यान्वयनको अवस्था, सामाजिक चुनौती र सुधारका सम्भावनाबारे बहुआयामिक दृष्टिकोण प्रस्तुत गरिएको मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

नेपालको संविधानले प्रजनन स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लागू भएको कार्यक्रममा उहाँले जानकारी गराउनुभयो । नेपालको कानुनले प्रजनन स्वास्थ्यलाई सूचना, शिक्षा, परामर्श र स्वास्थ्य सेवाको समग्र अधिकारका रूपमा व्याख्या गरेको छ, जसमा गोपनीयता र छनोटको अधिकार पनि समावेश छ ।

कानुनी प्रगतिका बाबजुद पनि ऐनले सबै विषय समेट्न नसकेको उहाँले बताउनुभयो । ऐन मुख्यतः सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन र प्रजनन रोगसम्म सीमित रहेको छ, जसले समग्र प्रजनन स्वास्थ्यका जटिल पक्षहरूलाई पूर्ण रूपमा समेट्न सकेको छैन । श्रेष्ठले नेपालको कानुनमा देखिएको विरोधाभासतर्फ पनि ध्यानाकर्षण गराउनुभयो । "एकातिर सुरक्षित गर्भपतनलाई अधिकारका रूपमा मान्यता दिइएको छ भने अर्कातर्फ मुलुकी अपराध संहिताले केही अवस्थामा यसलाई अपराधीकरण गरेको छ", उहाँले भन्नुभयो ।

यस जटिलताका कारण नेपालमा अझै पनि ५० प्रतिशतभन्दा बढी गर्भपतन असुरक्षित रूपमा हुने गरेको र कतिपय महिलाहरूले कानुनी झन्झट तथा सजायसमेत भोग्नुपरेको तथ्य उहाँले प्रस्तुत गर्नुभयो । यस अवस्थालाई सुधार गर्न सुरक्षित गर्भपतन सेवालाई पूर्ण रूपमा अपराधमुक्त गर्नुपर्नेमा उहाँको जोड थियो ।

कार्यक्रममा सम्मानजनक प्रसूति सेवासम्बन्धी गम्भीर विषय पनि उठाइएको थियो । मञ्चद्वारा हालै सार्वजनिक गरिएको अध्ययन उद्धृत गर्दै श्रेष्ठले नेपालमा गर्भावस्था, सुत्केरी तथा प्रसवोत्तर अवधिमा महिलाहरूले भोग्ने हिंसाका विभिन्न स्वरूपहरू प्रस्तुत गर्नुभयो । प्रसूति हिंसालाई कानुनमै स्पष्ट रूपमा परिभाषित गरी दोषीलाई उत्तरदायी बनाउने र पीडित महिलालाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

श्रेष्ठले बाँझोपनको समस्याबाट जुधिरहेका दम्पतीका लागि उपयोगी वैकल्पिक प्रजनन प्रविधिसम्बन्धी स्पष्ट कानुनको अभाव रहेको पनि बताउनुभयो । यस क्षेत्रमा स्वास्थ्य सेवा प्रदायक, अभिभावक बन्न चाहने व्यक्ति, दाता (डोनर) र जन्मिने बच्चा- यी चारै पक्षको अधिकार र दायित्व सुनिश्चित गर्ने कानुनी संरचना आवश्यक छ ।

ओरेक नेपालकी संस्थापक डा रेनु अधिकारीले समुदायस्तरमा भएका प्रयासहरूबारे प्रकाश पार्दै विगत ३० वर्षमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका क्षेत्रमा उल्लेखनीय प्रगति भएको बताउनुभयो । पितृसत्तात्मक सोच र सामाजिक लाञ्छना अझै पनि मुख्य बाधकका रूपमा रहेको उहाँले उल्लेख गर्नुभयो । यसलाई हटाउन स्थानीयदेखि अन्तरराष्ट्रियस्तरसम्म निरन्तर अभियान आवश्यक रहेको उहाँको भनाइ थियो ।

वन हर्ट वर्ल्ड वाइडका सूर्य भट्टले सुरक्षित र सम्मानजनक प्रसूति सेवाको आवश्यकता औँल्याउँदै गर्भावस्था, प्रसूति र प्रसवोत्तर अवधिमा महिलालाई गुणस्तरीय र मर्यादित सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो । संस्थाले महिला स्वयंसेविकालाई तालिम दिँदै सुरक्षित मातृत्वका कार्यक्रम सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो । यो विषयलाई महिला अधिकार आन्दोलनको मुख्य एजेन्डाका रूपमा अघि बढाउन आवश्यक छ ।

सत्रमा योसानका दुर्गा सापकोटा, मञ्चकी बिनु लामा, पहिचान नेपालका इच्छा केसी, आइपास नेपालका अमित तिमिल्सिनालगायतले पनि आ-आफ्ना धारणा राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन एसिया प्यासिफिक यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार सञ्जालकी कार्यकारी निर्देशक एलेक्जान्द्रा जोन्सले गर्नुभएको थियो ।

कार्यक्रमले यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको सुनिश्चितताका लागि कानुनी सुधारसँगै प्रभावकारी कार्यान्वयन, सामाजिक सोच परिवर्तन र विश्वव्यापी सहकार्य आवश्यक रहेको निष्कर्ष निकालेको छ । नेपालको अनुभवले देखाएको छ- कानुनमात्र पर्याप्त छैन, त्यसको प्रभावकारी कार्यान्वयन र सामाजिक स्वीकृति नै वास्तविक परिवर्तनको आधार हो । रासस


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मितिः– २०८३/१/१५

उप्रान्त जिल्ला धनुषा, देउरी परवाहा गा.वि.स. वडा नं. ८ बस्ने राम पुरका यादवको छोरी रन्जना कुमारी यादवले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा रन्जना कुमारी यादवको बुवा राम पुकार यादव हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**प्रशासकिय अधिकृत**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## ।। आयो पानीबाला महिना ।।

वर्षा आयो, घनघोर बादल,
आकाश ढाके, गड्याङगुडुङ आवाज।
चम्क्यो बिजुली, टल्क्यो धर्ती,
रिमझिम पानीले भर्यो सबै पोखरी ।
छमछम झरी, टप्टप धारा,
करेला पातमा मोती जस्ता।
हरियो वन, नाच्यो धर्ती,
मुस्कायो गाउँ, खुशीका रस्ता।
किसानको मन, भरियो आशा,
धानका बाला रोप्ने बेला।
माटोको सुगन्ध, मिठो हावा,
जीवन भयो नयाँ उज्याला।
नदी बग्यो, उर्ल्यो खोलो,
बगायो सारा थकाइ मनको।
वर्षा महिना, गीतै बनेर,
गुञ्जिरह्यो सन्देश जीवनको।



लेखक:बब्लु शर्मा
ज. उ. न. पा.-७

## 'हाम्रो सखुवा बजार'

सखुवा बजार राम्रो ठाउँ,
हाम्रो प्यारो सानो गाउँ।
बिहानैदेखि चहलपहल,
मानिस आउँछन् पलपल।
फलफूल, तरकारी मिठा,
पाइन्छ यहाँ धेरै सस्ता।
दुकानहरू राम्रा-राम्रा,
हासोले भरिन्छन् बाटा।
स्कुल जाने बालबालिका,
हर्षित हुन्छन् सबै जना।
मिलेर बस्छन् सबै यहाँ,
माया बाँड्छन् जहाँतहाँ।
सफा राखौं सखुवा बजार,
गर्व गरौं हाम्रो बजार।
सुन्दर बनोस् दिन प्रतिदिन,
हाम्रो ठाउँ हो अति रमणीय।



लेखक: पवन कुमार यादव
स्थान: क्षिरेश्वोरनाथ नगरपालिका ६ सखुवा बजार

## लघुकथा: कर्म



प्रेम शर्मा ' एकान्त प्रेमी
कालेबुङ , दार्जिलिङ

सुनौलो बिहानीको नयाँ , किरणसँगै नयाँ दिनको उदय भयो।

चराहरु चिरबिर गर्दै खुल्ला आकाशमा उडिरहेको छन् ।

कोपिला र सम्झना पनि बिहानै ,घरको काम धन्दा गर्न थाल्छन् ।

कोपिला घाँस काट्न वारि तिर लाग्छिन्।

सम्झनाको एकमात्रै बहिनी कोपिला ..!

त्यसै समयमा घरमा केही नयाँ पाहुनाको आगमन हुन्छ । सम्झनाको बिहेको लागि केटा हेर्न आएका रहेछन् । उनीहरू बिहेको लागि राजी हुन्छन् ।

केही दिन पछि बिहेको रमझम सुरु हुन्छ । राजकुमार अनि सम्झना ,दुवैबिहे मन्डपमा बस्छन् ।

राजकुमार एक सिपाही हो ।देशको सेवामा घुम्ने एक सिपाही । अब सम्झना लाई छोडेर उसको जाने दिन आएको छ। ब्रिटिश गोर्खाको सिपाही हो । समयको परिवर्तनसँगै तीन चार महिना बित्छ । सम्झनालाई राजकुमारको याद ले सताउँछ ।

राजकुमारको फोन आउँछ ।

हेलो ..! कस्तो छौ तिमी ...!

हजुर म ठिकै छु ।धेरै दिनमा हजुरले फोन गर्नु भयो । परदेशको ठाउँ हो भनेको बेला फोन गर्न पाइँदैन । भनेर राजकुमार को फोन काट्छ .....!

अमेरिकी ब्रीटिश गोर्खा सैनिक अगाडि बम बिस्कोट हुन्छ।

राजकुमार भाग्यले बाच्छ । राजकुमारको साहसी काम देखेर अमेरिकी सरकार पनि खुशी हुन्छ ।

सरकारले राजकुमारलाई सम्मान गर्छ ।

यो खबर भोलिपल्ट दैनिक खबरहरुमा प्रकाशित हुन्छ । सम्झना पनि खुशी हुन्छे ।

चारैतिर दशैको रमझम शुरु हुन्छ सबै परदेशीहरु घर फर्कदै छन् ।

अचानक सम्झनालाई व्यथा लागेको जस्तो हुन्छ । उसलाई एम्बुलेन्समा हालेर अस्पतालमा पुर्याइन्छ ।

केही बेरको प्रतीक्षा पछि ,जन्म हुन्छ। नयाँ राजकुमारको यो खुशीको खबर राजकुमारलाई सुनाउन पाए कति खुशी हुन्थ्यो होला ।

आमाले सम्झनालाई भन्छिन् ।

राजकुमारको कुनै पत्तो छैन ।

भोलिपल्ट राजकुमार हवाईजहाजमा चढेको खबर प्राप्त हुन्छ । तर उडेको केही छिनमा विमान बेपत्ता हुन्छ ।

विमान दुर्घटना भएको खबर प्राप्त हुन्छ । सैनिक जवानहरुको लास लडिरहेको छ।

गोर्खा सैनिक राजकुमार पनि छ। लडिरहेको छ। खुशीको पलहरु साट्न आउँदै गरेको राजकुमारलाई दैवले खोसेर लग्यो ।

आमा बाबा श्रीमती छोरा आउने आशामा। घरमा लाश आयो।

समयको खेल कस्ले बुझ्ने ।

गाउँ शहर शोकमा डुबेको छ।

कति सपनाहरू सोचेर आएकी सम्झना आज राजकुमारलाई दैवले खोसेर लग्यो ।।

हिन्दु धर्मको चलन अनुसार सैनिकहरुले शलामी दिन्छन् ।


सम्झनाको सिउदोको सिन्दुर पुछिन्छ , चुराहरु फुट्छन् ।

समयको यो खेलमा सम्झनाको खुशीहरु खोसेर लग्यो । ओठको मुस्कान खोसेर लग्यो ।यस्तै छ नारीको कर्म ।

नारिको मर्म , सम्झनाको भने जीवन सहारा छोरा भएको छ ।

## 'परिवर्तनको आरोहण: पुरानो बाट नयाँ सम्म'

सीमा पारीबाट लस्कर -लस्कर आए,
फलफूल र लुगाको व्यापार फिँजाए।
विस्तारै-विस्तारै बस्न थाले नेपालमै,
सरकारी जग्गा कब्जा गरे बेथितिमै।
अलिकति ठाउँ माग्दै पस्ने पछि,
सारा जग्गा कब्जा गर्ने भए अघि।
हुँदाहुँदा बस्ती बसाए, समाजै डगमगाए,
स्थानीयको हक खोसी, आफैं मालिक झैं रमाए।
अहिले सरकारको नोटिस आयो जब,
रित्याउ जग्गा तिमीहरू, भनियो तब।
सयौं मुरी धान फल्ने उर्वर ती जग्गा,
कब्जाकारीको चङ्गुलमा, परे कति अभागी।
तर, कब्जाकारी थाले आन्दोलन अहिले,
आफ्नो जग्गा हुँदाहुँदै, लोभी मनसायले।
कानुनको उपहास गर्दै, सडकमा उत्रिएका,
राज्यको सम्पत्तिमा, आफ्नै हक जमाएका।
नेपाली नागरिक भन्दै, अधिकार खोज्ने,
भित्र कथा बुझ्दा, अर्कै खेल रोज्ने।
वर्षौंदेखि बसेको मोहियानी भन्दै,
अवैध भोगचलनलाई, वैध बनाउन खोज्दै।
नेपाल सरकार, नागरिकको पहिचान गर,
जसको जमिन छैन, उसलाई मद्दत गर।
हुन त सुकुम्बासीका नाममा, धेरैले लिए होलान्,
वास्तविक पीडितलाई निष्पक्ष न्याय देउ है बरु।
जसको छ अरू ठाउँमा, तुरुन्तै खाली गराऊ,
इन्डियाबाट आएकालाई, कानुनको बाटो देखाऊ।
बिहार र उत्तर प्रदेशका, घुसपैठियालाई छानबिन गरी,
आफ्नो देश फर्काऊ, कानुनी कठघरामा धुरी।
देशको अस्मिता जोगाउन, कठोर बन्नु जरुरी,
अवैध अतिक्रमण अब सहन सकिन्न कदापि।
सपनाको नयाँ नेपाल, बनाउन जुटौं सबै,
इतिहासबाट पाठ सिकेर, भविष्य सुनौलो बनाऔं अबै।



लेखक : मो.आमिर हुसैन
ठेगाना : जनकपुरधाम १५ लोहना

## ।। दहेज आईग मे बेटी जरै छै ।।

कोई कहै कारी कोई कहै गोर
मिथिला के दहेज सगरो छै सोर
बेटा बेचै छै बेटी किनै छै
दहेजक आईग मे बेटी जरै छै
बेटा बला होइ मालामाल
बेटी बलाके बन्बै छै कंगाल
ई अछि मिथिला मधेशक कमाल
बेटा विवाह मे लाख गनै छै
बेटी बलाके छाति फटै छै
जते पढलकै बेटा ओते मगै दहेज
ई सब छै केकर खेल
कोई कहै सोना लेब कोई कहै क्यासमे पाई
दहेज पर्था कहिया हटतै मिथिला मधेश मे
बेटी बलाके भारी भेलै बेटा बला पौद्राई
ई दहेज पर्था के अत्य कहिया होतै रे भाई
सब कोई प्रतिज्ञा करु नै लेबे दहेज
नै देव जहेज आदर्श आब विवाह करु
सब मे सब राखु मेल



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## 'दाजु - भाईको सम्बन्ध'



राधा कुमारी कपार
जनकनंदिनी गाउपालिका टोल (५) पतनुका , धनुषा (नेपाल)

एउटा गाउमा दुई दाजु-भाइ थिए । एउटा जेठो, अर्को कान्छो । उनीहरू बीचको माया यति गाढा थियो कि एक अर्का बिना उनीहरूको संसार नै अधुरो लाग्थ्यो । तर, समय सधैं एकैनासको कहाँ हुन्छ र ? एक दिन उनीहरु बीच एउटा सानो कुरामा मनमुटाव भयो र उनीहरू बीचको दूरी बढ्दै गयो । बोलचाल पूर्ण रूपमा बन्द भयो । एकदिन, कान्छो भाइ ठूलो समस्यामा फस्यो। मानिसहरूले सहयोग गर्नुको साटो उसको कमजोरीमा हाँस्न र मजाक उडाउन थाले। कसैले सहयोग नगरी उलटै हासी रहे थियो। त्यही बेला जेठो दाजुले , कान्छो भाई समस्यामा परेको थाहा पाईयो । त्यति नै बेला, जेठो दाजु आफनो कान्छो भाई काहाआइपुग्यो। उसले केही नभनी चुपचाप आफ्नो भाइको छेउमा उभिएर सबैलाई कडा जवाफ दियो ।

यो देखेर एकजना छिमेकीले अचम्म मान्दै सोध्यो, "जब तिमीहरू बीच बोलचाल नै छैन, तँ किन उसलाई बचाउन आइस् त?"

ठुलो दाजुले मुस्कुराउँदै मर्मस्पर्शी जवाफ दियो

"हाम्रो सम्बन्धमा रिस र मनमुटाव हुन सक्छ, तर दूरी यति धेरै पनि छैन कि कुनै तेस्रो व्यक्तिले आएर मेरो भाइको फाइदा उठाओस्।" त्यो कुरा सुनेर मानिसहरु को मुख बन्द भयो ।

यो कथा बाट हामी लाई यो सिख मिल्छ कि भाई - भाई मा बोल - चाल न हुदा पनी कुनै समस्या परेमा एक आपस लाई सहयोग गर्नुपर्छ ।

# ग्रामीण चलचित्र महोत्सव : 'मोहर' उत्कृष्ट फिल्म, नाजिर र सुरक्षा अभिनयतर्फ

काठमाण्डु । पाँचौ संस्करणको ग्रामीण चलचित्र महोत्सव सर्लाहीमा तीन दिनसम्म चलेर १७ फिल्म प्रदर्शन गरी सम्पन्न भएको छ।

मधेश प्रदेशको कथा र पर्यटनलाई मुख्य विषय बनाएर विभिन्न संवाद कार्यक्रम आयोजना गरिएको थियो।

### महोत्सवका विजेता :

उत्कृष्ट फिल्म- मोहर
उत्कृष्ट निर्देशक- ओम प्रतीक गुरुङ (मोहर)
उत्कृष्ट अभिनेता- नाजीर हुसेन (गुन्युचोलो)
उत्कृष्ट अभिनेत्री- सुरक्षा पन्त (कोशेढुंगा)
उत्कृष्ट पटकथा- समुन्द्र भट्ट/नाजीर हुसेन (गुन्युचोलो)
जुरी अवार्ड- निर्देशक मिलन तामाङ (माइतीघर)
प्रोत्साहन अवार्ड- मन्जिलकुमार (कोशेढुंगा)
उत्कृष्ट सम्पादक- नहकुल खड्क (कोशेढुंगा)
उत्कृष्ट छायाँकार- बाबु श्रेष्ठ (कोशेढुंगा)
उत्कृष्ट आदिवासी फिल्म- नाक्छोङ
उत्कृष्ट छोटो फिल्म- नीलो आकाश

कार्यक्रममा उत्कृष्ट कलाकार र स्रष्टालाई पुरस्कार वितरण गरी नाढीमन तालको विषयमा पुस्तक विमोचन गरिएको थियो।

काठमाडौं । पाँचौ संस्करणको ग्रामीण चलचित्र महोत्सव सर्लाहीमा सम्पन्न भएको छ । तीन दिनसम्म चलेको महोत्सवमा १७ फिल्म प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा विभिन्न जातजातिका पारम्परिक पहिरनसहितको झाँकी प्रस्तुत गरिएको थियो । मधेश प्रदेशको कथा र पर्यटनलाई मुख्य विषय बनाएर विभिन्न संवाद कार्यक्रम पनि आयोजना गरिएका थिए ।



आयोजक संस्था सेलिब्रेटी नेपालका अध्यक्ष रघुनाथ सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिका रूपमा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसी सहभागी थिए ।

कार्यक्रममा चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले यस्ता कार्यक्रम नियमित रूपमा आयोजना हुनुपर्नेमा जोड दिँदै सर्लाहीमा महोत्सव आयोजना गर्नुले स्थानीय क्षेत्रको प्रचार-प्रसारमा ठूलो योगदान पुगेको बताए ।

चन्द्रनगर गाउँपालिकाको नाढीतालमा आयोजितकार्यक्रममा विभिन्न विधामा उत्कृष्ट कलाकार तथा स्रष्टालाई पुरस्कार वितरण गर्नुको साथै नाढ़ीमन तालको बिषयमा लेखिएको पुस्तक बिमोचन समेत गरिएको थियो ।

# गर्भवती दीपिका दक्षिण अफ्रिकामा शाहरुखसँगै 'किङ' को सेटमा देखिइन्

एजेन्सी । अभिनेत्री दीपिका पादुकोण दोस्रो गर्भावस्थामा रहे पनि फिल्म 'किङ' को छायांकनमा सक्रिय छिन् र शाहरुख खानसँग केप टाउनमा सुटिङ गरिरहेकी छिन्।

फिल्म 'किङ' को छायांकन दक्षिण अफ्रिकामा १८ दिनसम्म चल्नेछ र यसमा शाहरुख खान, सुहाना खान, अभिषेक बच्चन, रानी मुखर्जी लगायत कलाकारको अभिनय रहनेछ।

'किङ' क्रिसमस २०२६ मा रिलिज हुने तय छ र यसको प्रतिस्पर्धा हलिउड फिल्म ' एभेन्जर्स : डूम्स डे' र 'ड्यून पार्ट २' सँग हुने देखिन्छ।



मुम्बई । बलिउड अभिनेता रणवीर सिंह हालैको फिल्म 'धुरन्धर' र 'धुरन्धर २' को सफलताको उत्सवमा व्यस्त छन् । यहीबीच उनकी श्रीमती तथा अभिनेत्री दीपिका पादुकोण भने दोस्रो गर्भावस्थाका बाबजुद पनि फिल्मको सेटमा सक्रिय देखिएकी छन् ।

दीपिका आफ्नो आगामी फिल्म 'किङ' को छायांकनमा जुटेकी छन्, जहाँ उनी शाहरुख खान सँग देखिनेछिन् । सेटबाट सार्वजनिक भएका केही तस्वीरले सामाजिक सञ्जालमा चर्चा पाएका छन् । ती तस्वीरमा दीपिकाको 'प्रेग्नेन्सी ग्लो' स्पष्ट देखिन्छ ।

हालै दोस्रो गर्भावस्था घोषणा गरेकी दीपिका दक्षिण अफ्रिकाको केप टाउनमा छायांकनमा व्यस्त छिन् । सार्वजनिक तस्वीरमा उनी शाहरुखसँग हातमा हात समाएर हिँडिरहेको देखिन्छिन् । लामो समयदेखि फिल्मबाट टाढा रहेकी दीपिकाले 'कल्की २८९८ एडी' पछि पहिलो सन्तानलाई जन्म दिएकी थिइन् र अहिले पुनः गर्भवती छिन् ।

आउटडोर सुटिङका क्रममा उनी मुस्कुराउँदै क्यामेरामा देखिएकी छन् । सेटमा शाहरुख अगाडि हिँडिरहेको देखिन्छ भने केही दृश्यमा उनले दीपिकाको हात समातेको देखिन्छ । दीपिकाले यस्तो पहिरन रोजेकी छन् जसले उनको 'बेबी बम्प' लुकाएको जस्तो देखिन्छ । उता शाहरुख भने रफ एन्ड टफ लुकमा प्रस्तुत भएका छन् ।

यस्तै, सेटबाट आएका तस्वीरमा शाहरुख नयाँ हेयर स्टाइलमा देखिएका छन् । यसअघि ग्रे कपालसहित सेटमा देखिँदा पनि उनी निकै चर्चामा आएका थिए ।

दोस्रो गर्भावस्थाका बाबजुद पनि दीपिकाले आफ्नो कामप्रतिको प्रतिबद्धता कायम राखेकी छन् । यही साताको सुरुवातमा उनी श्रीमान् रणवीरसँग मुम्बईबाट बाहिरिँदै गरेको अवस्थामा देखिएकी थिइन् । विमानस्थलमा उनको सरल र सहज शैलीले धेरैको ध्यान खिचेको थियो ।

त्यो दृश्य दोस्रो गर्भावस्था सार्वजनिक भएपछि पहिलो पटक दुवैजना क्यामेरामा देखिएको क्षण थियो । त्यस बेला रणवीर निकै सुरक्षात्मक भूमिकामा देखिएका थिए । कारबाट झार्नेदेखि विमानस्थलभित्र प्रवेश गराउँदासम्म उनले दीपिकाको विशेष ख्याल राखेको देखिन्थ्यो ।

फिल्म 'किङ'बारे कुरा गर्दा, यो फिल्मलाई निर्देशक सिद्धार्थ आनन्दको सबैभन्दा महत्वाकांक्षी एक्सन-थ्रिलर प्रोजेक्ट मानिएको छ। छायांकन अहिले तीव्र गतिमा भइरहेको छ । यसमा शाहरुखकी छोरी सुहाना खान, अभिषेक बच्चन, रानी मुखर्जी लगायत अन्य कलाकारको पनि अभिनय रहनेछ ।

छायांकन दक्षिण अफ्रिकामा करिब १८ दिनसम्म चल्ने बताइएको छ । त्यहाँ अहिले टिम भव्य क्लाइमेक्स दृश्यको छायांकनमा व्यस्त छ । जानकारी अनुसार, टोलीले केप टाउनमा एक हप्तासम्म सुटिङ गर्नेछ भने त्यसपछि १० दिनका लागि मुम्बई फर्किने तयारी छ । यस क्रममा कलाकारले केही आकर्षक एक्सन दृश्य पनि खिच्नेछन् ।

क्रिसमस २०२६ मा रिलिज हुने तय गरिएको 'किङ'ले आफ्नो भव्यता र स्टार कास्टकै कारण सुरुदेखि नै चर्चा बटुलिरहेको छ । यो फिल्म शाहरुख खान र उनकी छोरी सुहाना खान को पहिलो पटक पर्दामा देखिने सहकार्य पनि हो ।

रिपोर्टअनुसार, रिलिजको समयमा 'किङ'को प्रतिस्पर्धा हलिउडका ठूला फिल्म 'एभेन्जर्स : डूम्स डे' र 'ड्यून पार्ट २' सँग हुने देखिन्छ । यी दुवै फिल्म ' किङ' भन्दा करिब एक हप्ता अगाडि नै सिनेमाघरमा आउने बताइएको छ ।

# 'अक्षरा'मा सुशीलको जोडी बन्दै '१२ गाउँ'की न्यान्सी

काठमाण्डु । विनयराज पौडेलको निर्देशनमा बन्न लागेको फिल्म 'अक्षरा'मा सुशील सिटौला र न्यान्सी खड्काको जोडी बाँधिने भएको छ । शुक्रबार काठमाडौंको गुह्येश्वरी मन्दिरमा फिल्मको शुभ मुहूर्त गर्दै मुख्य कलाकारको रूपमा सुशील र न्यान्सी रहने जानकारी गराइयो । पूर्वमिस नेपाल इन्टरनेसनल समेत रहेकी न्यान्सीले फिल्म '१२ गाउँ'बाट डेब्यू गरेकी थिइन् ।

फिल्मको मुहूर्त समारोहमा स्क्रिप्ट र क्यामेरा पूजा गर्दै सुशील र न्यान्सीको मुहूर्त सट लिइएको थियो । मधुसुदन भट्टराईले निर्देशन गरेको उक्त सटमा लव प्याकुरेलले क्ल्याप बजाएका थिए भने शंकर महर्जनले 'रोल' भनेसँगै दिनेश महराले क्यामेराको 'स्वीच अन' गरेका थिए । दीपक दंगालले भने नरिवल फुटाउँदै फिल्मको शुभारम्भ गरे ।




क्षिति बाबु प्रोडक्सनको ब्यानरमा निर्माण हुने यस फिल्ममा सुशील र न्यान्सीसहित सुशील पोखरेल, अंशु महर्जन, पुष्कर राउत, रिश्ता अधिकारी, गीता अधिकारी, विरेन्द्र कुशवाह, सिर्जना अधिकारी, रोनक खड्का, प्रीसा ढुंगाना लगायतको अभिनय रहनेछ । फिल्मका निर्मातामा उग्रसेन ढुंगाना र सुग्रसेन ढुंगाना रहेका छन् भने सुरज थापा काजी कार्यकारी निर्माताको रूपमा छन् ।

दीपेन बस्न्यातले छायांकन गर्ने यस फिल्ममा गौतमराज खड्काको सम्पादन, कर्णराज गिरीको संगीत, रामजी लामिछानेको कोरियोग्राफी, शंकर महर्जनको द्वन्द्व निर्देशन, मदन न्यौपानेको श्रृंगार तथा प्राथर्ना भट्टराईको भेषभुषा रहनेछ । फिल्मको पटकथा तथा संवाद अभिमन्यु निरवीले लेखेका हुन् । फिल्मको वितरण नेशनल सिने ग्रुप नेपालका दीपक दंगालले गर्नेछन् ।

# पञ्चशील र चार आर्य सत्य सिद्धान्त राष्ट्रिय एकताका मार्गनिर्देशक हुन् : राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान परिवर्तित राजनीतिक परिवेशमा पनि राष्ट्रिय एकता, सहिष्णुता र समावेशी विकासलाई सुदृढ बनाउन बुद्धका पञ्चशील, चार आर्य सत्य सिद्धान्त मार्गदर्शक बन्न सक्ने बताउनुभएको छ।

२५७०औँ बुद्ध जयन्तीका अवसरमा आज आयोजित 'बृहद् बौद्धसभा'लाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले आजको विश्व अनेकन चुनौती, द्वन्द्व, असहिष्णुता, जलवायु सङ्कट र मानवीय मूल्यको क्षयबाट गुज्रिरहेको सन्दर्भमा बुद्धका उपदेशहरू अझ सान्दर्भिक बन्दै गएको स्पष्ट पार्नुभयो।

उहाँले बुद्धका अहिंसा, मैत्री, करुणा र प्रज्ञाका सन्देशलाई व्यवहारमा रूपान्तरण गर्न सकेमा मात्र दिगो शान्ति र समृद्धिको आधार निर्माण गर्न सकिने बताउनुभयो। बुद्धका मार्गदर्शनले व्यक्ति, समाज र राष्ट्रमात्र नभई समग्र विश्वलाई नै सकारात्मक बाटोतर्फ डोर्याउने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले शान्ति, सहअस्तित्व, मध्यम मार्ग र करुणामा आधारित बुद्धको दर्शनले विश्व समुदायलाई स्थायित्व, सहकार्य र आपसी विश्वासको मार्गतर्फ अग्रसर गराउन महत्त्वपूर्ण योगदान दिन सक्ने सबैको विश्वास रहेको बताउनुभयो।

उहाँले बुद्धको जन्मभूमि नेपाल हुनु हामी सबैका लागि गौरवमात्र होइन, जिम्मेवारीको विषय पनि भएको भन्दै विविधता र बहुलताको समुचित व्यवस्थापन गर्दै शान्तिपूर्ण सहअस्तित्व कायम गर्नु आजको नेपालको आवश्यकता भएको बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "वैशाख शुक्ल पूर्णिमाका पावन दिनमा बुद्धको जन्म, सम्यक् सम्बोधि (ज्ञान प्राप्ति) तथा महापरिनिर्वाणजस्ता त्रिसंयोग रहेको यो दिवस एक अद्वितीय क्षणको प्रतीक हो।" रासस

# श्रमिक दिवसको अवसरमा मन्त्री यादवद्वारा तीन वटा घोषणा



काठमाण्डु। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा तीन वटा महत्वपूर्ण कामको घोषणा गर्नुभएको छ।

शुक्रबार १३७औँ अन्तरराष्ट्रिय श्रमिक दिवस अर्थात् मे दिवस दिवसको अवसरमा मन्त्री यादवले भिडियो सन्देश जारी गर्नुहुँदै पहिलो घोषणाअन्तर्गत पाँच वर्षे राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको औपचारिक शुभारम्भ गरिएको बताउनुभयो। उक्त कार्यक्रमले प्रत्येक श्रमिकको सुरक्षा, स्वास्थ्य र सुरक्षित कार्य वातावरणको अधिकार सुनिश्चित गर्ने उहाँको भनाइ छ।

दोस्रो घोषणामा विदेशमा रहेका नेपाली श्रमिकसँग प्रत्यक्ष संवाद, सूचना प्रवाह र समस्या समाधानलाई प्रभावकारी बनाउन विदेशस्थित नेपाली दूतावासमा रहेका श्रम सहचारी/कन्सुलरबाट हप्तामा एक पटक फेसबुक लाइभ कार्यक्रम सञ्चालन गरिने पनि मन्त्री यादवले उल्लेख गर्नुभयो। "अब तपाईंहरू जहाँ हुनुहुन्छ सरकार तपाईंसँगै छ," उहाँले भन्नुभयो।

मन्त्री यादवले तेस्रो घोषणमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध भएका श्रमिकहरुले घडेरी खरिद गर्नका लागि ६ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराइने उल्लेख गर्नुभयो। त्यसबाहेक रु एक करोड ५० लाखसम्म नियमानुसार सापटी लिन सक्ने व्यवस्था मिलाइएको पनि उहाँको भनाइ छ। यसका अतिरिक्त नीतिगत सुधार, संस्थागत पुनर्संरचना तथा नवीन रोजगारी सृजनाका कार्यक्रमहरू पनि अघि बढिरहेको उहाँले बताउनुभयो।

मन्त्री यादवले भिडियो सन्देशमा श्रमको सम्मान नै देश विकासको आधार हो' भन्ने मूल मर्मलाई आत्मसात् गर्दै सबै क्षेत्रका श्रमिकका लागि उचित पारिश्रमिक, मर्यादित कामको वातावरण र श्रम अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

"श्रम कुनै एक पेशा वा वर्गमा सीमित छैन। निर्माण स्थलमा काम गर्ने मजदुरदेखि बिरामीको उपचार गर्ने चिकित्सकसम्म, खेतमा पसिना बगाउने किसानदेखि न्यायका लागि खटिने कानुन व्यवसायीसम्म, घरायसी कार्यमा सहयोग गर्ने घरेलु श्रमिकदेखि प्रविधिको विकास गर्ने इन्जिनियरसम्म ज्ञानको ज्योति फैलाउने शिक्षकसम्म, हामी सबै श्रमिक हौं," उहाँले भन्नुभएको छ।

उहाँले हामी सबै आ-आफ्नो स्थानबाट राष्ट्र निर्माणमा योगदान पुर्‍याइरहेको उल्लेख गर्दै आजको यस विशेष दिनमा हामी सबैले एक-अर्काको योगदानको मूल्य बुझ्दै सम्मान गर्ने र एक-अर्काप्रति कृतज्ञता व्यक्त गर्ने संस्कारलाई अझ सुदृढ बनाउन आवश्यक भएको बताउनुभयो। रासस

# साँचो क्रान्ति 'क'बाट होइन, 'ज्ञ'बाट सुरु हुन्छः प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले साँचो क्रान्ति 'क'बाट होइन, 'ज्ञ'बाट सुरु हुने बताउनुभएको छ।

पच्चीस सय सत्तरीऔँ बुद्ध जयन्तीका सुअवसरमा सामाजिक सञ्जालमार्फत सम्पूर्णमा दिनुभएको प्रज्ञामय शुभकामनामा उहाँले त्यो 'ज्ञ' ज्ञान भएको स्पष्ट गर्नुभएको छ।

बुद्धको जन्मले धन्य हाम्रो नेपाल भूमि सदैव अहिंसा र शान्तिको पक्षमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले सन्देशमा शान्तिका सर्वकालीन महान् प्रवर्तक बुद्धको जन्मजयन्तीको अवसरमा विश्वशान्तिको कामना गर्नुभएको छ।

प्रधानमन्त्रीले भन्नुभएको छ, "बुद्धले भन्नुभयो- दुःख छ, दुःखको कारण छ, दुःखको निवारण छ, दुःख निवारण गर्ने मार्ग छ। बुद्धले देखाउनुभएको बाटो दुःख निवारणको बाटो हो, उज्यालोको अभाव नै अँध्यारो हो; जतिबेला उज्यालोको किरणले पाइला टेक्छ, अँध्यारो स्वतः बिलाएर जान्छ, हाम्रो यात्रा त्यस्तै ज्ञानको उज्यालोको खोजमा हुनुपर्छ, समस्या निवारणको मार्गमा हुनुपर्छ।" रासस

# संयोजक दाहालद्वारा अन्तरराष्ट्रिय श्रमिक दिवसको शुभकामना



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण श्रमजीवी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र निरन्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभएको छ। श्रमिक दिवसका अवसरमा शुक्रबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले नेपाली कम्युनिष्ट पार्टी श्रमिक वर्ग विशेषतः किसान, मजदूर र सुकुमवासीका हक, हित र अधिकारको संरक्षण एवं प्रवर्द्धनमा सदैव प्रतिबद्ध रहेको बताउनुभएको छ। रासस

# कृषिमन्त्री चौधरीद्वारा प्रमुख बालीको न्यूनतम समर्थन मूल्य निर्देशिका जारी



काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, २०८२ जारी गर्नुभएको छ। उक्त निर्देशिकाअनुसार किसानले अब बाली रोप्नु अगावै नै प्रमुख बालीहरूको न्यूनतम समर्थन मूल्य (एमएसपी) बारे जानकारी पाउने भएका छन्।

कृषि मन्त्रालयले नयाँ निर्देशिका कार्यान्वयनमा ल्याउँदै बाली लगाउनुअघि नै धान (बर्खे र चैते), मकै, गहुँ र कोदोलगायत बालीको न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था गरेको हो। उखुको हकमा भदौ ३० गतेसम्म 'फिल्ड' सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन गरिनेछ भने असोज १५ गतेसम्म विश्लेषण प्रतिवेदन तयार हुनेछ। त्यसपछि कात्तिक १० गते प्राविधिक समितिबाट सिफारिस भई कात्तिक ३० गतेसम्म अन्तिम सिफारिस पेस गरिने मन्त्रालयले जनाएको छ।

त्यस्तै, गहुँका लागि साउन ३० गतेसम्म सर्वेक्षण, भदौ १५ गतेसम्म प्रतिवेदन, असोज ९ गते प्राविधिक सिफारिस र असोज ३० गते अन्तिम सिफारिस गर्ने कार्यतालिका छ। चैते धान, वर्षे धान, वर्षे मकै र कोदोका लागि पनि क्रमशः मङ्सिरदेखि वैशाखसम्म विभिन्न चरणमा अध्ययन, विश्लेषण र सिफारिस प्रक्रिया सम्पन्न गरिने व्यवस्था गरिएको छ।

सरकारले बाली रोपाइँ अघि नै न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने उद्देश्यसहित यस्तो कार्यतालिकासहितको निर्देशिका ल्याएको जनाएको छ। यस व्यवस्थाले किसानलाई बाली छनोट गर्न सहज हुने, उत्पादन योजना बनाउन सहयोग पुग्ने तथा बजार जोखिम घट्ने अपेक्षा गरिएको मन्त्री चौधरीले बताउनुभएको छ। साथै, किसानले उचित मूल्यको सुनिश्चितता पाउने भएकाले कृषि क्षेत्रमा लगानी र उत्पादन वृद्धि हुने मन्त्रीको विश्वास छ।

मन्त्री चौधरीले प्रमुख बालीहरू धान, मकै, गहुँ र कोदोको न्यूनतम समर्थन मूल्य तथा उखु बालीको न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, २०८२ ल्याउनुभएको हो। कृषि उपजको उत्पादन थलो मूल्यमा हुने उतारचढावमा स्थिरता, मूल्य जोखिम न्यूनीकरण एवं किसानलाई न्यूनतम नाफा सुनिश्चिततामार्फत किसानलाई कृषि पेसामा आकर्षित गर्न उत्पादनको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण गर्न वाञ्छनीय भएको मन्त्रीले बताउनुभएको छ। खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ४७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको जनाइएको छ। रासस

# सभामुख अर्यालद्वारा बुद्ध जयन्तीको शुभकामना



काठमाण्डु । सभामुख डिपी अर्यालले २५७०औँ बुद्ध जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। आज शुभकामना सन्देश जारी गर्दै उहाँले भन्नुभएको छ, "बुद्ध जयन्तीको यस गौरवमय अवसरमा सम्पूर्ण नेपालीमा सुख, सुस्वास्थ्य, दीर्घायु एवं राष्ट्रिय स्वाभिमान र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।"

सभामुख अर्यालले भगवान् बुद्धको आशीर्वादले हामी सबैमा सकारात्मक सोच, आपसी सहकार्य र लोककल्याणको भावना जागृत गरोस् भनी कामना पनि गर्नुभएको छ। उहाँले यस पवित्र दिनले हामी सबैलाई गौतम बुद्धका कालजयी उपदेशहरूको स्मरण गराउँदै सत्य, न्याय र मानवताको मार्गमा अविचलित भई लाग्न थप प्रेरणा दिने विश्वास व्यक्त गर्नुभयो।

सन्देशमा भनिएको छ, "नेपाल एक अनुपम विविधतायुक्त मुलुक हो। यहाँका विभिन्न जातजाति, भाषाभाषी र संस्कृति हाम्रा गौरव हुन्। वर्तमान समयमा हामीले भोगिरहेका विभिन्न सामाजिक र आर्थिक चुनौतीहरूका माझ हाम्रो जातीय र सांस्कृतिक विविधताले नै हामीलाई सधैँ एकताबद्ध रहन ऊर्जा प्रदान गरेको छ।"

विविधताभित्रको गहिरो एकता र आपसी सद्भाव नै हाम्रो राष्ट्रिय शक्ति हो भएको उल्लेख गर्दै उहाँले हाम्रा बहुधार्मिक र बहुसांस्कृतिक मूल्य मान्यताले समाजमा सहिष्णुता र भ्रातृत्वको भावनालाई प्रगाढ बनाउँदै अघि बढ्न अभिप्रेरित गरिरहेको बताउनुभयो।

"विश्व शान्तिका प्रतीक भगवान् बुद्धका शिक्षा, दर्शन र विचारहरू संसारभरिका मानिसका लागि मार्गदर्शनको स्रोत हुन्। बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको यो त्रिसंयोगको दिनले विश्वलाई नै अहिंसा र प्रेमको सन्देश प्रवाह गरिरहेको छ", सन्देशमा उल्लेख छ। मानव जीवनमा आइपर्ने विभिन्न सङ्कट र दुःखहरूबाट मुक्ति पाउन तथा समाजमा दिगो शान्ति र विकास कायम गर्न बुद्धको करुणा र मैत्रीभाव आजको सन्दर्भमा अझ बढी महत्वपूर्ण बनेको सभामुखले उल्लेख गर्नुभयो। रासस

# जनादेशअनुसार अघि बढ्न कांग्रेस प्रतिबद्ध छः सभापति थापा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जनताले कांग्रेसलाई प्रतिपक्षमा बस्ने स्पष्ट जनादेश दिएकाले पार्टीले आगामी पाँच वर्ष जिम्मेवार, सशक्त र रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

शुक्रबार १३७औँ विश्व श्रमिक दिवसका अवसरमा 'लोकतन्त्र, ट्रेड युनियन र मानवअधिकारः समग्र श्रमिकको संवैधानिक अधिकार' भन्ने नारासहित नेपाल ट्रेड युनियन कांग्रेसद्वारा यहाँ आयोजित कार्यक्रममा सभापति थापाले कांग्रेस जनादेशअनुसार अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो। लोकतान्त्रिक मूल्य, मान्यताअनुरूप संसदीय प्रणालीभित्रै रहेर कांग्रेसले प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्ने उहाँले स्पष्ट पार्नुभयो।

नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय परिषद्का अध्यक्ष योगेन्द्र कुँवरले सरकार श्रमिकका माग सुनुवाइ गरी समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

सोही कार्यक्रममा विभिन्न राष्ट्रबाट आएका श्रमिक अगुवाले श्रमिक अधिकारको संरक्षण, सामाजिक न्याय र समावेशी आर्थिक विकासका लागि सरकार, निजी क्षेत्र र श्रमिक सङ्गठनबीच सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको थियो।

कार्यक्रमका वक्ताहरूले श्रमिक अधिकार, सामाजिक सुरक्षा, न्यूनतम पारिश्रमिक, सुरक्षित काम गर्ने वातावरण र ट्रेड युनियनको भूमिकाबारे आआफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो। रासस

# 'श्रम क्षेत्रका समस्या समाधानको अगुवाइ मजदुर सङ्गठनले गर्नुपर्छ'

काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले मुलुकको श्रम क्षेत्रमा देखिएका समस्या समाधानको अगुवाइ मजदुर सङ्गठनले गर्नुपर्ने बताउनुभएको छ।

अखिल नेपाल ट्रेड युनियन महासङ्घ (अन्तुफ) र एकीकृत ट्रेड युनियन महासङ्घ नेपालले १३७औँ अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा आज आयोजना गरेको कार्यक्रममा उहाँले श्रमिकवर्गमा आशा र विश्वास जगाउने काम ट्रेड युनियनको भएको उल्लेख गर्नुभयो।

"असङ्गठित र अनौपचारिक क्षेत्रका मजदुर तथा ज्यालादारी श्रमिकका आआफ्ना समस्या छन्, यी समस्या कसरी समाधान गर्न सकिन्छ भनेर मजदुर सङ्गठनले ध्यान दिन जरुरी छ", सहसंयोजक नेपालले भन्नुभयो, "जीवन धान्ने ज्याला छैन, संवैधानिक अधिकार कुण्ठित हुँदैछन्, यसतर्फ ट्रेड युनियनले ध्यान दिनुपर्छ।"

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) नेपालका देशीय निर्देशक नुमान ओज्कानले सरकार, रोजगारदाता र श्रमिकको त्रिपक्षीय संवादबाट सामाजिक न्यायको ढोका खोल्नुपर्नेमा जोड दिँदै पछिल्ला समय नेपालमा असल श्रम सम्बन्धको विकास हुँदै गइरहेको बताउनुभयो। रासस

# वडा सीमा विवाद सुल्झाउने मापदण्डको सुझावमाथि अध्ययन जारी




काठमाण्डु। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कतिपय स्थानीय तहका केही वडाहरुको सिमाङ्कनसम्बन्धी समस्याका कारण जनताले भोग्नु परेको समस्यालाई नीतिगतरुपमै समाधान गर्न तयार गरिएको मापदण्डको मस्यौदाका सम्बन्धमा प्राप्त सुझाव अध्ययन गरिरहेको जनाएको छ। सिमाङ्कन र भू-भाग एकातिर सिफारिस अर्कातिरबाट हुँदा जनतालाई परेको अप्ठेरो र गुनासो सम्बोधन गर्न मन्त्रालयले नीतिगतरुपमै समस्या सुल्झाउन त्यससम्बन्धी कानुन निर्माणका लागि मापदण्डको मस्यौदा तयार गरी आम जनतासँग सुझाव र राय परामर्श माग गरेको थियो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव दीपक ढकालले स्थानीय तहबाट अध्ययन गरी मापदण्डका आधारमा गाउँपालिका महासङ्घ र नगरपालिका संघका पदाधिकारीसँगको छलफल र परामर्शमा मापदण्डको मस्यौदालाई अन्तिमरुप प्रदान गर्न अध्ययन भइरहेको जानकारी दिनुभयो। यसअघि मापदण्डको मस्यौदामा केही छ भने सुझाव पाउ भनी सरोकारवाला पक्षसँग मन्त्रालयले आह्वान गरिसकेको छ।

उपसचिव ढाकालका अनुसार कतिपय स्थानीय तह तथा नगरपालिका, उपमहानगरपालिका गाभिएर महानगरपालिका बनाउन हालको नगरपालिकको वर्गीकरणलाई पुनरावलोकन गर्ने भन्ने विषय पनि उठेको छ। त्यस्तो अवस्थामा वर्गीकरणमा समेट्न सकिने गरी मापदण्डको मस्यौदाबारे मन्त्रालयमा विभिन्न चरणमा छलफल भइसकेको छ।

स्थानीय तह सञ्चालन ऐनमा स्थानीय तहमा साँध सिमाना एक अपसमा गाभिन सक्ने प्रावधान छ। मुलुकका झण्डै १०० भन्दा बढी स्थानीय तहबाट स्थानीय तहको केन्द्र परिवर्तनका कुरा पनि उठेको मन्त्रालयले जनाएको छ। विस २०७४ मा ७५३ स्थानीय तह रहने व्यवस्था भएसँगै आम जनताको घर नजिक स्थानीय सरकारका रुपमा पालिका सरकार सञ्चालन छ।

मुलुकमा हाल एक केन्द्र सरकारसहित सात प्रदेश सरकार र ७५३ स्थानीय सरकार अभ्यासमा छन्। हाल मुलुकमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका ४६० गाउपालिका र ६ हजार ७४३ वटा वडा कायम छन्।

विगतमा स्थानीय तह नाम र सङ्ख्या सिफारिसमा स्थानीय कार्यदलदेखि प्रदेश हुँदै केन्द्रमा आयोग गठन गरी त्यसले दिएको सुझावका आधारमा निर्णय नाम र वडाको संख्या कायम गरिएको हो।

त्यस बेला स्थानीय तह र वडाको मोटामोटी सिमाङ्कन गरिए पनि साङ्गोपाङ्गो रुपमा फिल्डमा गएर चुस्तदुरुस्त गर्न सकेको थिएन। जसका कारण अभ्यासका क्रममा केही वडाको भूगोल र सीमाना फेरबदल पर्न गएको मन्त्रालयको भनाइ छ।

मापदण्डसम्बन्धी मस्यौदामाथि सुझाव दिने क्रममा आम जनताबाट केही वडाको सीमा बढाउन, गाभ्न र छुट्याइ अनुरोध भएको पाइएको छ। मन्त्रालयले व्यवहारिक र विधिसम्मत प्राप्त सुझावलाई मस्यौदामा समावेश गर्ने जनाएको छ।

स्थानीय तहको सीमा क्षेत्रका रुपमा रहेको खोला र नदिबीचको भू-भाग कस्तो हुने भन्ने तथा दुई वा दुईभन्दा बढी स्थानीय तह गाभिने कार्य प्रक्रिया के-कसरी सरलीकरण गर्नसकिन्छ भनी मन्त्रालयले रायसुझाव लिएको जनाएको छ। रासस

# मे दिवसको प्रदर्शनमा अश्रुग्यास प्रहार, दर्जनौं पक्राउ

रासस/एएफपी । टर्कीको प्रहरीले शुक्रबार इस्तानबुलमा मे दिवसको प्रदर्शनमा अश्रुग्यास प्रहार गर्नुका साथै दर्जनौं मानिसहरूलाई पक्राउ गरेको छ।

सिएचडी लयर्स एसोसिएसनका अनुसार इस्तानबुलमा करिब ४०० जना पक्राउ परेका छन्, जहाँ प्रहरीले दङ्गा नियन्त्रण गर्ने गाडीबाट भीडमा अश्रुग्यास प्रहार गरेको थियो।

विपक्षी च्यानल एचएएलके टिभीमा प्रसारण भएका तस्वीरमा टर्कीएको वर्कर्स पार्टीका अध्यक्ष एरकान बासमाथि पनि अश्रुग्यास प्रहार भएको देखिएको छ।

उहाँले भन्नुभयो, "सत्तामा बस्नेहरुले वर्षमा ३६५ दिन बोल्छन्, त्यसैले कामदारहरुले वर्षमा कम्तीमा एक दिन आफूले भोग्ने कठिनाइबारे कुरा गरून् ।"

शहरको युरोपेली पक्षमा दुई समूहले तास्किम स्क्वायरमा प्रदर्शन गर्ने प्रयास गरेपछि उनीहरूलाई विशेष रूपमा तितरवितर पारिएको थियो।



विगतमा धेरै सरकार विरोधी प्रदर्शनहरूमा तास्किम स्क्वायरमा प्रदर्शन गर्ने गरिएको थियो तर प्रहरीले सहरको सुरक्षालाई मध्यनजर गर्दै बन्द गरेको थियो।

श्रमिक युनियनका एक अधिकारी बसरन अक्सुलाई तक्सिममा प्रदर्शनमा रोक लगाएपछि पक्राउ गरिएको थियो।

"तपाईं टर्कीएका कामदार हरूको लागि एक वर्ग बन्द गर्न सक्नुहुन्न। सबैले आधिकारिक समारोहहरूको लागि, उत्सवको लागि तक्सिम प्रयोग गर्छन्।

केवल मजदुर र गरिबहरूले मात्र उनीहरूका लागि तक्सिम स्क्वायर बन्द पाउँछन्," उहाँले रिस पोख्दै भन्नुभयो। मजदुर वर्गको हित र अधिकारका लागि विश्वभर मे १ लाई विशेष अवसरका रूपमा मनाइन्छ तर टर्कीमा हरेक वर्ष व्यापक प्रहरी हस्तक्षेप हुने गर्छ।

गत वर्ष प्रदर्शन शहरको कादिकोय क्षेत्रमा सारिएको थियो र ४०० भन्दा बढी मानिसहरू पक्राउ परेका थिए।

शुक्रबार प्रहरीको ठूलो तैनाथीबीच धेरै दङ्गाहरू भएका र नियन्त्रणका लागि धातुका ब्यारिकेडहरू राखी इस्तानबुलको मध्य छिमेकमा पहुँच अवरुद्ध भएको थियो । एएफपीले 'टर्कीएको सत्तारूढ पार्टी' एकेपी सहयोगीको नारा लगाउँदै भीडमा अश्रुग्यास प्रहार गरेको थियो।

मजदूर युनियन र नागरिक समाज सम्बद्ध सङ्घहरूले मे १ मा भोको पेटलाई खाना, शान्ति र स्वतन्त्रता भन्ने नाराका साथ प्रदर्शनको आह्वान गरेका थिए।

सरकारी तथ्याङ्क अनुसार टर्कीमा मुद्रास्फीति ३० प्रतिशतभन्दा बढी भएको अनुमान गरिएको छ तर स्वतन्त्र अनुमान र विश्लेषण अनुसार ४० प्रतिशतको हाराहारी रहेको बताउने गरिएको छ।

एएफपीका एक पत्रकारका अनुसार अङ्कारामा तलब बक्यौताको माग गर्दै नौ दिने भोक हड्ताल गरेका कोइला खानीमा काम गर्ने करिब १०० जना मजदूरले मे डे मार्चमा सामेल भइरहँदा खुशी मनाएका थिए । यस हप्ताको शुरुमा, टर्कीएका अधिकारीहरूले ६२ जनाविरुद्ध पक्राउ र खोजी वारेन्ट जारी गरेका थिए, जसमध्ये पत्रकार, ट्रेड युनियनका नेता र विपक्षी नेताहरू सहित ४६ जनालाई पक्राउ गर्न सकेको बताउनुभएको थियो। रासस

## अमेरिकी प्रस्तावप्रति चीन आक्रोशित

रासस/एएफपी ।

अमेरिकी नियामक निकायको नयाँ प्रस्तावले प्रविधि व्यापारमा नयाँ तनाव निम्त्याउने सङ्केत देखिएपछि चीनले कडा आपत्ति जनाएको छ। चिनियाँ प्रयोगशालाहरूलाई अमेरिकी बजारका लागि इलेक्ट्रोनिक उपकरण परीक्षणबाट रोक्ने योजनाले द्विपक्षीय व्यापार सम्बन्धमा नकारात्मक प्रभाव पार्ने भन्दै बेइजिङले प्रतिकार गर्ने चेतावनी दिएको छ।

अमेरिकाको फेडरल कम्युनिकेसन कमिसन (एफसीसी) ले बिहीबार अघि बढाएको प्रस्तावले स्वीकृति पाए स्मार्टफोनदेखि क्यामेरासम्मका विभिन्न उपकरणहरू प्रभावित हुनेछन्। एफसीसीका अनुसार हाल संयुक्त राज्य अमेरिकामा प्रयोग हुने करिब ७५ प्रतिशत प्रमाणित उपकरणहरू चीनस्थित मान्यता प्राप्त प्रयोगशालाहरूमा परीक्षण गरिन्छन्, जसले यो प्रस्तावको प्रभाव व्यापक हुनसक्ने देखाउँछ।

यस निर्णयप्रति प्रतिक्रिया दिँदै चीनको वाणिज्य मन्त्रालयले यस्तो कदमले ' अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापार प्रणालीलाई गम्भीर रूपमा कमजोर बनाउने' चेतावनी दिएको छ। मन्त्रालयले यदि अमेरिका आफ्नो निर्णयमा अडिग रहे चीनले आफ्ना उद्यमहरूको वैध अधिकार र हित जोगाउन आवश्यक कदम चाल्ने स्पष्ट सङ्केत दिएको छ।

चीनले एफसीसीमाथि चिनियाँ कम्पनी र उत्पादनलाई लक्षित गर्दै बारम्बार प्रतिबन्धात्मक उपायहरू लागू गरेको आरोप पनि लगाएको छ। यस्ता कदमहरूले दुई देशबीच कठिन प्रयासबाट कायम भएको व्यापारिक स्थिरता बिग्रने र उच्चस्तरीय सहमतिविपरीत जाने मन्त्रालयको दाबी छ।

एफसीसीले भने आफ्नो प्रस्ताव 'राष्ट्रिय सुरक्षालाई प्राथमिकता दिने' उद्देश्ले ल्याइएको जनाएको छ। यसअघि नै एजेन्सीले विदेशी विरोधीहरूको स्वामित्व वा नियन्त्रणमा रहेका परीक्षण प्रयोगशालाहरूलाई सीमित गर्ने नियम लागू गरिसकेको छ। नयाँ प्रस्तावले अमेरिकाको पारस्परिक मान्यता वा समान व्यापार सम्झौता नभएका देशहरूमा रहेका प्रयोगशालाहरूको मान्यता हटाउने लक्ष्य राखेको छ।

एफसीसीकोका अनुसार चीनसँग यस्तो कुनै सम्झौता छैन। प्रस्ताव पारित भएमा चिनियाँ प्रयोगशालामा परीक्षण तथा प्रमाणीकरण भएका उपकरणहरूलाई दुई वर्षभित्र चरणबद्ध रूपमा अमेरिकी बजारबाट हटाइनेछ।

यो प्रस्तावले प्रविधि आपूर्ति शृङ्खला, अन्तर्राष्ट्रिय व्यापार अभ्यास र अमेरिका–चीन सम्बन्धमा नयाँ तनाव थप्ने सङ्केत दिएको छ।


# भारतमा खाना पकाउने ग्यास र जेट इन्धनको मूल्य वृद्धि

रासस/एएफपी । इरान युद्धबाट आपूर्तिको दबाव बढ्दै जाँदा भारतले शुक्रबार अन्तर्राष्ट्रिय एयरलाइन्सका लागि व्यावसायिक तरलीकृत पेट्रोलियम ग्यास र जेट इन्धनको मूल्य बढाएको एक सरकारी ऊर्जा कम्पनीले जनाएको छ।

भारत आयातित ऊर्जामा धेरै निर्भर छ। भारतले तरलीकृत पेट्रोलियम ग्याँस (एलपिजी) को लगभग ६० प्रतिशत विदेशबाट ल्याउँछ । विश्वमा सबैभन्दा धेरै जनसङ्ख्या रहेको भारतको ठूलो हिस्साले खाना पकाउन प्रयोग गर्ने इन्धन ग्यास हो।

फेब्रुअरीको अन्त्यमा मध्यपूर्व युद्ध सुरु भएदेखि नै आयातमा अवरोध आइहँदा नयाँ दिल्लीले घरपरिवार र अत्यावश्यक क्षेत्रहरू पर्याप्त मात्रामा आपूर्ति भएको सुनिश्चित गर्न कदम चालेको छ, जसले धेरै रेस्टुरेन्ट, निर्माता र पावर प्लान्टहरूलाई अलपत्र पारेको छ।

सरकारले भारतले समग्र इन्धनको अभाव नरहेको बताउँदै आएको छ । सरकारी कम्पनी



इन्डियन आयल कर्पोरेसन लिमिटेड (आइओसिएल) ले भनेको छ, "धेरै मात्रा र व्यावसायिक प्रयोजनका लागि प्रयोग हुने एलपिजी सिलिन्डरको मूल्य संशोधन गरिएको छ।"

आइओसीएलको मूल्य तालिकाअनुसार व्यावसायिक प्रयोगका लागि बनाइएको १९ केजीको ग्यास सिलिन्डरको मूल्य ९९३ भारतीय रूपैयाँ (१०.५० अमेरिकी डलर) कायम भएको छ।

यो भनेको राजधानी नयाँ दिल्लीमा ग्यासको मूल्यमा झण्डै ४८ प्रतिशतले वृद्धि भएको छ। स्थानीय करका कारण दरहरू शहर अनुसार फरक हुन्छन्।

तीव्र वृद्धिले रेस्टुरेन्टहरूलाई विशेष गरी कडा असर पार्नेछ, मध्य पूर्व युद्धको समयमा धेरैले पहिले नै सेवाहरू घटाएका छन्।

अन्तर्राष्ट्रिय विमान सञ्चालनका लागि जेट इन्धनको मूल्य पनि समायोजन गरिएको भारतीय इन्धन कम्पनीले जनाएको छ।

आइओसीएलको तालिकाअनुसार दिल्लीमा हवाई इन्धन (एटिएफ) करिब पाँच प्रतिशतले बढेको छ। रासस

# भारतमा उष्णलहर बढ्ने चेतावनी

रासस/एएफपी । भारतका विभिन्न क्षेत्रमा मे महिनाभरि उष्णलहर तीव्र हुने चेतावनी दिइएको छ, जसले विशेषगरी पश्चिमी र तटीय क्षेत्रहरूमा जनजीवन प्रभावित पार्ने सङ्केत देखिएको छ । मौसमविद्हरूका अनुसार यस वर्षको गर्मी सामान्यभन्दा बढी कठोर हुने सम्भावना रहेको छ।

भारतीय मौसम विभागले सार्वजनिक गरेको पूर्वानुमानअनुसार गुजरात र महाराष्ट्र जस्ता पश्चिमी राज्यहरू तथा पूर्वी तटीय क्षेत्रमा आगामी हप्ताहरूमा चारदेखि पाँच दिनसम्म लगातार उष्णलहरको अवस्था रहनेछ । विभागका प्रमुख मृत्युञ्जय महापात्रले ती क्षेत्रमा तापक्रम चरम अवस्थामा सामान्यभन्दा तीनदेखि पाँच डिग्री सेल्सियससम्म बढी पुग्न सक्ने बताउनुभयो।

दक्षिण एसियाली क्षेत्रमा गर्मी नयाँ विषय नभए पनि पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण यसको प्रभाव अझ गम्भीर बन्दै गएको वैज्ञानिक अध्ययनहरूले देखाएका छन् । उष्णलहर अहिले पहिलेभन्दा लामो समय टिक्ने, बारम्बार आउने र बढी तीव्र हुने प्रवृत्ति देखिएको छ, जसले जनस्वास्थ्य र पूर्वाधार दुवैमा जोखिम बढाएको छ।

यद्यपि, मौसम विभागले भारतका उत्तरी र मध्य भागहरूमा भने अपेक्षाकृत मध्यम तापक्रम रहने अनुमान गरेको छ। सामान्यतया भारतले अप्रिलदेखि जुनबीच चारदेखि सात पटकसम्म उष्णलहर अनुभव गर्ने गर्छ, तर यस वर्ष केही क्षेत्रमा यसको प्रभाव बढी देखिन सक्ने आँकलन गरिएको छ।

उच्च तापक्रमको जोखिममा विशेषगरी बालबालिका, वृद्धवृद्धा, दीर्घरोगी तथा बाहिरी काम गर्ने श्रमिकहरू पर्ने गर्छन् । अत्यधिक गर्मीले चक्कर लाग्ने, टाउको दुख्ने, थकान हुनेदेखि गम्भीर अवस्थामा अङ्ग विफलता र मृत्युसम्म निम्त्याउन सक्छ । कङ्क्रिट र ईंटाले भरिएका सहरहरूमा



बसोबास गर्ने मानिसहरू अझ बढी जोखिममा रहने बताइएको छ, किनकि यस्ता संरचनाले ताप सोस्ने र उत्सर्जन गर्ने गर्छन्।

लामो समयसम्म रहने अत्यधिक गर्मीले विद्युत् आपूर्ति प्रणाली र यातायात जस्ता पूर्वाधारमा समेत दबाब सिर्जना गर्न सक्छ। बढ्दो तापक्रमसँगै ऊर्जा खपत वृद्धि हुने भएकाले पावर ग्रिडमा अतिरिक्त भार पर्ने सम्भावना रहेको छ।

यसैबीच, मौसम विभागले मे महिनामा सामान्यभन्दा बढी वर्षा हुने पनि पूर्वानुमान गरेको छ। दीर्घकालीन औसतको करिब ११० प्रतिशतभन्दा बढी वर्षा हुन सक्ने अनुमान गरिएको छ, जसले गर्मी र वर्षा दुवैको मिश्रित प्रभाव देखिन सक्ने सङ्केत दिएको छ।

# ऐरिको शतकमा नेपालले युएईलाई दियो २९० रनको चुनौती

काठमाण्डु । दीपेन्द्रसिंह ऐरीको शतकीय पारीको सहयोगमा आइसिसी विश्वकप लिग–२ अन्तर्गतको त्रिकोणात्मक शृङ्खला नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई २९० रनको चुनौती दिएको छ।



कीर्तिपुरस्थित त्रिवि क्रिकेट रङ्गशालामा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै २८९ रनको बलियो योगफल खडा गरेको हो। नेपालका लागि दीपेन्द्रसिंह ऐरीले उत्कृष्ट ब्याटिङ गर्दै ९४ बलमा १३ चौका र एक छक्काको मद्दतमा १०० रनको शानदार शतक प्रहार गरे। उनी अन्तिम बलमा रनआउट भए।

मध्यक्रमका ब्याटर गुल्सन झाले ३८ बलमा ४४ रन जोडे । ओपनर विनोद भण्डारीले संयमित इनिङ्स खेल्दै ७९ बलमा ५६ रन बनाए भने कप्तान रोहित पौडेलले ४८ बलमा ३९ रनको योगदान दिए। अर्जुन कुमालले ११ रन बनाउँदा भीम सार्कीले खाता नै खोल्न सकेनन् । आरिफ शेखले ११ रन थपे। नेपालले सुरुआती ओभरमा केही दबाब झेले पनि मध्यक्रममा ऐरी र भण्डारीबीचको साझेदारीले इनिङ्स सम्हालेको थियो।

युएईका लागि जुनैद सिद्दीकी र अजय कुमारले समान दुई–दुई विकेट लिए भने हैदर अली र खुजैमा तनवीरले एक–एक विकेट हात पारे। युएई अहिले जवाफी ब्याटिङमा उत्रेको छ। रासस

# ब्रागा र नटिङ्घमको रोमाञ्चक जित

**टुडे समाचारदाता**

एजेन्सी । युरोपा लिगको पहिलो खेल ब्रागा र नटिङघम फरेस्टलाई विजयी भएका छन्।



ब्रागाले फ्राइबर्गलाई २–१ ले पराजित गरेको छ खेल निकै रोमाञ्चक बनेको थियो र ब्रागाले इन्जुरी समयमा निर्णायक गोल गर्दै जित निकालेको हो।

खेलको आठौं मिनेटमा डेमिर एगे टिकनाजले गोल गर्दै ब्रागालाई अग्रता दिलाए। १६ औं मिनेटमा भिन्चेन्जो ग्रिफोले गोल गर्दै फ्राइबर्गलाई १/१ को बराबरीमा ल्याए।

पहिलो हाफको अन्त्यतिर ब्रागाले पेनाल्टी पाएको थियो। तर रोड्रिगो जालाजारको प्रहार फ्राइबर्गका गोलकिपर नोआ अतुबोलुले उत्कृष्ट रूपमा बचाए। दोस्रो हाफमा दुवै टोलीले केही अवसर बनाए पनि गोल हुन सकेन।

खेलको इन्जुरी समय सुरु भएको दुई मिनेटमै फ्राइबर्गका गोलकिपर अतुबोलुले गल्ती गरेपछि मारियो दोर्गेलेसले नजिकैबाट गोल गर्दै ब्रागालाई २–१ को जित दिलाए।

अब दोस्रो लेग अर्को साता फ्राइबर्गको घरेलु मैदानमा हुनेछ । पहिलो खेल जितेकाले ब्रागा फाइनल पुग्ने होडमा केही अग्रतामा रहेको छ।

नटिङ्घम फरेस्टको जित

नटिङ्घम फरेस्टले एस्टन भिल्लालाई १–० ले पराजित गरेको छ। खेल सिटी ग्राउन्डमा भएको थियो।

खेलको एकमात्र गोल क्रिस वुडले ७१औं मिनेटमा पेनाल्टीमार्फत गरे। लुकास डिन्येको हातमा बल लागेपछि नटिङ्घम फरेस्टले पेनाल्टी पाएको थियो, जसलाई वुडले सहजै गोलमा परिणत गरे।

खेलमा दुवै टोलीले केही राम्रो अवसर बनाएका थिए । एस्टन भिल्लाका युरी टिलेमान्स र मोर्गन रोजर्सले गोल गर्ने प्रयास गरे पनि सफल हुन सकेनन्।

नटिङ्घम फरेस्टका गोलरक्षक स्टेफान ओर्टेगाले महत्वपूर्ण बचाउ गरे भने एस्टन भिल्लाका गोलरक्षक एमिलियानो मार्टिनेजले पनि उत्कृष्ट प्रदर्शन गरे।

अब सेमिफाइनलको दोस्रो लेग अर्को साता एस्टन भिल्लाको मैदान भिल्ला पार्कमा हुनेछ।

यो जितसँगै नटिङ्घम फरेस्ट सन् १९८० पछि पहिलो पटक युरोपेली प्रतियोगिताको फाइनल पुग्ने लक्ष्यतर्फ अघि बढेको छ।

# आइपिएलमा राजस्थान र दिल्लीबीच प्रतिस्पर्धा

**टुडे समाचारदाता**

एजेन्सी । इन्डियन प्रिमियर लिग (आइपिएल) मा आज राजस्थान रोयल्स र दिल्ली क्यापिटल्स आमनेसामने हुँदैछन् । जयपुरमा हुने खेल नेपाली समयअनुसार साँझ ७:४५ बजे सुरु हुनेछ।



दिल्लीका लागि अस्ट्रेलियाली तीव्र गतिका बलर मिचेल स्टार्क टोलीमा फर्कनु ठूलो राहत मानिएको छ।

उनी काँधको चोटका कारण केही समय मैदानबाहिर थिए र केही दिनअघि मात्र टोलीसँग जोडिएका हुन्।

दिल्ली अहिले लगातार ३ खेलमा पराजित भएको अवस्थामा छ। पछिल्लो खेलमा दिल्ली रोयल च्यालेन्जर्सविरुद्ध केवल ७५ रनमा अलआउट भएको थियो।

यो सिजन पावरप्लेमा दिल्लीको बलिङ कमजोर देखिएको छ। टोलीले पावरप्लेमा मात्र ७ विकेट लिएको छ। यो कोलकाता नाइट राइडर्ससँगै सबैभन्दा कम हो।

त्यसको विपरीत राजस्थान रोयल्सले पावरप्लेमा २१ विकेट लिएको छ। इङ्ल्याण्डका तीव्र बलर जोफ्रा आर्चरले मात्रै ९ विकेट लिइसकेका छन्।

शुक्रबारको खेलमा स्टार्क र राजस्थानका आक्रामक ओपनर वैभव सूर्यवंशी तथा यशस्वी जैसवालबीचको प्रतिस्पर्धा रोचक हुने अपेक्षा गरिएको छ।

राजस्थान पछिल्लो खेलमा पञ्जाब किंग्सविरुद्ध शानदार जित निकाल्दै उच्च आत्मविश्वासमा छ।

न्यू चण्डीगढमा भएको खेलमा राजस्थानले २ सय २३ रनको लक्ष्य पछ्याउँदै पञ्जाबलाई सिजनकै पहिलो हार चखाएको थियो। राजस्थानले पछिल्ला तीन खेलमध्ये दुई खेल जितेको छ। यो सिजन पावरप्लेमा आर्चर निकै प्रभावशाली देखिएका छन्। उनले चारपटक खेलको पहिलो ओभरमै विकेट लिएका छन्। त्यसमा तीनपटक पहिलो बलमै विकेट झारेका छन्।

समीर रिज्वीले सिजनको सुरुवातमा राम्रो प्रदर्शन गरे पनि पछिल्ला खेलमा उनको प्रदर्शन कमजोर हुँदै गएको छ। पछिल्ला पाँच इनिङ्समा उनी चारपटक १ अंकमा आउट भएका छन्।

# प्रदेश स्तरीय बाह्रसिङ्गा ब्याडमिन्टन प्रतियोगिता शुरु

दोधारा चाँदनी। कञ्चनपुरमा प्रथम सुदूरपश्चिम प्रदेश स्तरीय बाह्रसिङ्गा ब्याडमिन्टन प्रतियोगिता शुरु भएको छ।



पश्चिमपाटी मिडियाले आयोजना गरेको प्रतियोगिताको आज कञ्चनपुर जिल्ला अदालतका मुख्य न्यायाधीश राजेन्द्र भण्डारीले उद्घाटन गर्नुभयो। प्रतियोगितामा 'बी' लेभलका ४८ तथा भेट्रानतर्फ ३२ टोलीको सहभागिता रहेको प्रतियोगितासंयोजकशेरबहादुरसिंहले जानकारी दिनुभयो। खेलकुदको माध्यमबाट बाह्रसिङ्गाको प्रमुख वासस्थान रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्रवर्द्धन गर्न प्रदेश स्तरीय ब्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको उहाँले बताउनुभयो। प्रतियोगितामा 'बी' लेभलतर्फ पहिलो हुनेले रु ४४ हजार ४४४, दोस्रो हुनेले रु २२ हजार २२२ र तेस्रो हुनेले रु ११ हजार १११ नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै, भेट्रानतर्फ पहिलो हुनेलाई रु १५ हजार ५५५, दोस्रो हुनेलाई रु ७ हजार ५५५ र तेस्रो हुनेलाई रु ५ हजार ५५५ नगदसहित मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।

उद्घाटनसमारोहमाकञ्चनपुर खेलकुद विकास समितिका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंह, भीमदत्त नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत महेश बम, कञ्चनपुर ब्याडमिन्टन सङ्घका अध्यक्ष राहुल भट्टलगायत उपस्थित हुनुहुन्थ्यो। रासस

# निर्धारित विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १५१ रुपैयाँ ५६ पैसा र बिक्रीदर १५२ रुपैयाँ १६ पैसा तोकिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १७७ रुपैयाँ ५८ पैसा र बिक्रीदर १७८ रुपैयाँ २८ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर २०५ रुपैयाँ १० पैसा र बिक्रीदर २०५ रुपैयाँ ९१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १९३ रुपैयाँ ०६ पैसा र बिक्रीदर १९३ रुपैयाँ ८२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०८ रुपैयाँ ६० पैसा र बिक्रीदर १०९ रुपैयाँ ०३ पैसा, क्यानेडियन डलर एकको खरिददर ११० रुपैयाँ ९६ पैसा र बिक्रीदर १११ रुपैयाँ ४० पैसा, सिङ्गापुर डलर एकको खरिददर ११८ रुपैयाँ ८६ पैसा र बिक्रीदर ११९ रुपैयाँ ३३ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ६८ पैसा र बिक्रीदर नौ रुपैयाँ ७२ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ २० पैसा र बिक्रीदर २२ रुपैयाँ २९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ४१ पैसा र बिक्रीदर ४० रुपैयाँ ५७ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ५८ पैसा र बिक्रीदर ४१ रुपैयाँ ७४ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६६ पैसा र बिक्रीदर चार रुपैयाँ ६८ पैसा, युएई दिराम एकको खरिददर ४१ रुपैयाँ २६ पैसा र बिक्रीदर ४१ रुपैयाँ ४३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३८ रुपैयाँ १८ पैसा र बिक्रीदर ३८ रुपैयाँ ३३ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ २९ पैसा र बिक्रीदर १० रुपैयाँ ३३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ ४१ पैसा र बिक्रीदर १६ रुपैयाँ ४७ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ७७ पैसा र बिक्रीदर २३ रुपैयाँ ८६ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ३५ पैसा र बिक्रीदर १९ रुपैयाँ ४३ पैसा, कुवेती दिनार एकको खरिददर ४९४ रुपैयाँ ०८ पैसा र बिक्रीदर ४९६ रुपैयाँ ०४ पैसा, बहराइन दिनार एकको खरिददर ४०१ रुपैयाँ ३२ पैसा र बिक्रीदर ४०१ रुपैयाँ ९१ पैसा, ओमनी रियाल एकको खरिददर ३९३ रुपैयाँ ६४ पैसा र बिक्रीदर ३९५ रुपैयाँ २० पैसा रहेको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ। रासस

# मस्कोको एक्लो नेपाली रेष्टुरेन्ट

मस्को । सन् २०२६, अप्रिलको मध्यतिर । राजधानी मस्कोमा घाम र छाँयाको लुकामारी चलिरहेको थियो। चिसो हावा कहिले मन्द त कहिले उडाउला जस्तो गरी चल्थ्यो।

रुस नागरिकका अनुसार यो मस्कोको 'समर सिजन' थियो। उनीहरू यो त हाम्रा लागि सबैभन्दा राम्रो मौसम हो, अन्य समयमा यहाँ घुँडासम्म हिँउ पर्नु सामान्य हो भन्दै थिए । यही चिसो मौसममा रिम्साय मेट्रो स्टेसन नजिकैको नेपाली रेष्टुरेन्ट 'करि हाउस'मा नेपालीहरूको जमघट बाक्लो हुँदै थियो। 'करी हाउस' मस्कोमा अहिले सञ्चालन भइरहेको एक मात्र नेपाली रेष्टुरेन्ट हो। नेपाली जमघट हुने भएकाले यहाँ सबै किसिमका नेपाली खाना पाइन्छन । नेपाली मःमः यहाँको विशेष बनेको छ । मःमःका पारखी नेपाली मात्रै होइन, रुसी नागरिकहरू पनि बनेका रहेछन्।




"नेपाली परिकार पाउने इन्डियन रेष्टुरेन्ट पनि होलान् तर नेपालीले सञ्चालन गरेको र नेपाली परिकार पाउने यो एउटा मात्रै रेष्टुरेन्ट हो, अहिले त मःमः पाउने पनि मस्कोको यो एक्लो रेष्टुरेन्ट हो", सञ्चालक डिल्ली खरेल 'सुमन'ले भन्नुभयो।

त्यसो त, यहाँ मःमःसँगै खसीको भुटन पनि उत्तिकै मन पराइएको छ। नेपाली खाना (दाल, भात, तरकारी र अचार) पनि रुसी नागरिकले खुबै मन पराएका छन्। तर चिसो मौसममा स्टिम र झोल मःमःको स्वाद भने बेग्लै छ। रेष्टुरेन्टमा सबै प्रकारका नेपाली खानाका परिकार पनि पाइन्छन्।

सञ्चालक खरेलका अनुसार यसअघि आफूले अर्को ठाउँमा रेष्टुरेन्ट सञ्चालन गर्नुभएको थियो । तर त्यहाँ आगलागी भएपछि झण्डै दुई करोड रुपैयाँ डुब्यो। झण्डै ३० वर्ष मस्कोमा बिताउनुभएका खरेलले केही महिना अघि मात्रै यो रेष्टुरेन्ट सुरु गर्नुभएको हो। जुन अहिले नेपालीका लागि भेटघाट गर्ने चौतारी बनेको छ।

करि हाउसमा नेपाली मःमःको स्वाद लिएपछि माल्दिभ्सका पत्रकार नाजिम हसनले आफूले मस्को आएदेखि सबैभन्दा मीठो परिकार खाएको बताए । नेपाली शैलीका 'स्टिम' र 'झोल' दुवै प्रकारका मःमः आफूलाई निकै मन परेको उहाँको भनाइ थियो । उहाँ चार साता लामो फेलोसिप कार्यक्रमका लागि मस्को आउनुभएको हो।

हसनसँगै मस्को आएका पत्रकारहरू श्रीलङ्काका आसन्का निलगराथा, भारतकी अर्पिता चौधरी र सौम्या शुक्ला तथा भुटानकी दोर्जी चोदेनले पनि मःमःको स्वाद निकै मीठो भएको प्रतिक्रिया दिनुभयो। करि हाउस नेपाली रेष्टुरेन्ट मात्रै होइन, मस्कोमा रहेका नेपालीहरूको चौतारी हो भन्दा फरक पर्दैन । करि हाउसको अगाडिको भाग पाहुनाहरूका लागि छुट्याइएको छ भने भान्छासँगै जोडिएको पछाडिको सानो हल नेपालीका लागि छुट्याइएको छ। यही हलमा हरेक दिनजसो नेपाली नागरिक जम्मा हुन्छन्।

यही सानो कोठामा गैरआवासीय नेपालीका समस्यादेखि विद्यार्थी र व्यवसायीका समस्याबारे मन्थन हुन्छन्। एउटा टेबलमा एनआरएनसम्बन्धी छलफल छलिरहँदा अर्को टेबलमा थकान मेट्दै गरेका नेपालीहरू भेटिए । मस्कोमा पनि नेपाली मःमः जस्तै पेलमेनी (डम्पिलङ) पाइन्छ। तर यो मःमः जस्तै देखिए पनि स्वाद भने निकै फरक हुन्छ। एकपटक मःमः खाएपछि दोहोरिएर आउने रुसी नागरिक धेरै भएको सञ्चालक खरेलले बताउनुभयो।

गैरआवासीय नेपाली सङ्घ, रुसका अध्यक्ष सिताराम कट्टेल 'मिलन'ले आफूहरूका लागि यो पायक पर्ने ठाउँ भएको बताउनुभयो। उपाध्यक्ष सङ्ज्ञान कार्कीलगायतको टोली नयाँ वर्ष, २०८३ को अवसरमा सांस्कृतिक कार्यक्रमको तयारीका लागि छलफलमा व्यस्त थियो।

"कोरोना महामारीपछि नयाँ वर्षमा हुने सांस्कृतिक कार्यक्रम आयोजना हुन सकेको थिएन, तर यसपटक हामीले यसलाई पुनः निरन्तरता दिने जमर्को गरेका छौं, यो विदेशमा नेपाली कला र संस्कृति संरक्षण गर्ने एउटा अवसर हो", एनआरएनए, रुसका अध्यक्ष कट्टेलले सुनाउनुभयो।

उक्त हलमा रुसी सेनामा २२ महिना काम गरेर अवकाश पाउनुभएका एक जना भेटिनुभयो। सत्र वर्ष भारतीय सेनामा काम गरेपछि अवकाश भएर उहाँ दुबई पुग्नु भएको हो । त्यहाँबाट मस्को पुगेर उहाँ रुसी सेनामा भर्ना हुनुभएको हो। उहाँका अनुसार रुसी सेनाबाट अवका पाएकाहरू त्यहाँ करिब ३५ जना रहेछन्।

"हामीहरू यहाँ रमाइलो गर्न आउँछौं, नेपाली मःमः, भुटनदेखि जे भन्यो त्यही पाइन्छ । त्यसैले यो ठाउँ हामी सबैको जमघटको थलो बनेको छ", उहाँले भन्नुभयो । उहाँले आफू करि हाउसमा आउँदा नेपाल आए जस्तो लाग्छ भन्नुभयो । छेवैमा रहेको मादल देखाउँदै उहाँले भन्नुभयो, "कहिलेकाँही यही मादलको तालमा गाउँदै नाच्दै रात बित्छ।"

यहाँका नेपालीहरूको एउटा गुनासो छ, कमाएको पैसा नेपाल पठाउन पाइएन। केही वर्षअघिसम्म यो समस्या थिएन, तर अहिले विभिन्न कारणले यहाँ कमाएको पैसा नेपाल पठाउने अवस्था छैन । रुस र युक्रेनबीचको युद्धका कारण पश्चिमा देशहरूले लगाएको प्रतिबन्धका कारण समस्या भएको हो। विशेष गरी सन् २०२२ यता रुसी बैंकहरूले विश्वव्यापी भुक्तानी प्रणाली 'स्वीफ्ट'मार्फत कारोबार गर्न नपाउने भएपछि समस्या सृजना भएको हो।

रुसी सरकारका उप-परराष्ट्रमन्त्री एन्ड्रे रुडेन्कोले रासससँग कुरा गर्ने क्रममा आफूलाई उक्त समस्याबारे जानकारी भए पनि तत्काल समस्या समाधान गर्न नसकेको बताउनुभयो।

"पछिल्ला केही वर्षहरूमा विभिन्न प्रतिबन्धहरूको कारण स्थितिले झनै गम्भीर रूप लिएको छ, विशेष गरी हाम्रो बैंकिङ प्रणालीमा समस्या भएका कारण रूसबाट नेपालमा पैसा पठाउनु पहिलेको जस्तो सजिलो छैन", उहाँले भन्नुभयो, "तर जहाँ इच्छा हुन्छ, त्यहाँ उपाय पनि हुन्छ।"

मन्त्री रुडेन्कोले उदाहरणका लागि, भारत, चीन र भियतनाम जस्ता देशहरूसँग सहकार्यमा पैसा पठाउन केही छिटो तथा प्रभावकारी तरिका हुनसक्ने बताउनुभयो । "उदाहरणका लागि भारतमा रुसको सबैभन्दा ठूला बैङ्कहरू मध्ये एक, स्बेरबैङ्कको शाखा छ जसले प्रभावकारी रूपमा काम गरिरहेको छ, त्यो पनि भविष्यमा विकल्प हुनसक्छ।"

करि हाउसका सञ्चालक खरेलका अनुसार करि हाउस आउने अधिकांशको समस्या पैसा पठाउन नसक्नु हो। यद्यपि भविष्यमा यो समस्या छिट्टै समाधान हुनेमा आफूहरू आशावादी भएको उहाँले बताउनुभयो। रासस

# हवाई सुरक्षालाई आधुनिकीकरण गर्नेबारे पर्यटन मन्त्रालयको विज्ञहरूसँग परामर्श

काठमाण्डु । बदलिँदो परिस्थितिमा मुलुकको हवाई सुरक्षालाई आधुनिकीकरण गर्ने उपायको खोजी गर्न विज्ञहरूबीच विचारविमर्श भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पुल्चोक क्याम्पसको 'मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङ' विभागमा बिहीबार आयोजना गरेको एकदिने कार्यशालामा सुरक्षाको दृष्टिले महत्त्वपूर्ण पाटोका रूपमा रहेको 'फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस' विषयमा सम्बन्धित वायुसेवा कम्पनी तथा अन्य सरोकारवाला निकायबीच छलफल भएको हो।




कार्यशालामा नेपालकै पहिलो 'फ्लाइट डेटा मनिटरिङ' (एफडीएम) सम्बन्धी 'फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस इम्प्लिमेन्टेसन फर फ्लाइट सेफ्टी विषयक विज्ञहरूले प्रस्तुति दिनुभएको थियो। पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा मन्त्रालयका सहसचिव मुकेश डङ्गोलले कार्यक्रमको उद्देश्यबारेमा सहभागीहरूलाई जानकारी गराउनुभएको थियो । उक्त कार्यक्रममा हवाई उडानका तथ्याङ्कहरूको विश्लेषण गरी भविष्यमा हुनसक्ने हवाई दुर्घटना न्यूनीकरण गर्न र तथ्याङ्कमा आधारित सुरक्षा प्रणाली लागू गर्न विशेष जोड दिइएको थियो।

पुल्चोक क्याम्पसको डिपार्टमेन्ट अफ मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङका विभागीय प्रमुख डा सुदीप भट्टराईको प्राविधिक नेतृत्व र हिमालय एयरलाइन्सको व्यावहारिक अनुभव समेटिएको यस कार्यशालाले प्राज्ञिक ज्ञान र हवाई उद्योगबीचको सम्बन्धलाई सुदृढ बनाएको मन्त्रालयले जनाएको छ । हिमालय एयरलाइन्सको तर्फबाट उडान जोखिम पहिचान र अन्तरराष्ट्रिय मापदण्डका सफल अभ्यासहरू प्रस्तुत गरिएको थियो।

विज्ञ सहजकर्ताका रूपमा सहजीकरण गर्नुभएका डा भट्टराईले हवाई सुरक्षाको दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको फ्लाइट डाटा मनिटरिङ एनालाइसिस र यसको महत्वको बारेमा जानकारी गराउँदै कार्यान्वयनमा भइरहेको समस्या एवं समाधानका उपायका बारेमा आफ्नो प्रस्तुति दिनुभएको थियो।


सहभागी वायुसेवा कम्पनीका प्रतिनिधिहरूले आआफ्नो संस्थामा एफडिएम कार्यान्वयनको अवस्थाबारेमा जानकारी दिनुभएको थियो। उक्त कार्यक्रमले एफडिएमको प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिनुका साथै नेपालको हवाई क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा पुर्‍याउन नियामक र सञ्चालकहरूका लागि एक स्पष्ट रणनीतिक मार्गचित्रसमेत तयार गर्न सहयोग पुगेको मन्त्रालयको नागरिक उड्डयन महाशाखाले जनाएको छ।

कार्यक्रममा नेपाली वायुसेवा कम्पनीबाट हवाई सुरक्षासँग सम्बन्धित कर्मचारी, नियामक निकाय, नेपाल नागरिक उड्डयन प्राधिकरणबाट सम्बन्धित क्षेत्र हेर्ने पदाधिकारी, पुल्चोक क्याम्पसको सम्बन्धित विभागका विद्यार्थी र मन्त्रालयको नागरिक उड्डयन महाशाखाका कर्मचारीलगायतको उपस्थिति थियो। रासस

# ग्रामीण पर्यटन प्रवर्द्धन गर्न बन्दीपुरमा 'होमस्टे मार्ट'

बन्दीपुर । गाउँ पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले तनहुँको प्रसिद्ध पर्यटकीय गन्तव्य बन्दीपुरमा दुईदिने 'होमस्टे मार्ट' सुरु भएको छ।

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना तथा गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) को सहआयोजनामा मार्ट आयोजना गरिएको हो।



नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेका अनुसार मार्टका क्रममा बन्दीपुर र आपसका पर्यटकीयस्थलका साथै रुम्सी होमस्टे, रामकोट होमस्टे, सिद्ध गुफालगायत स्थानको पर्यटन व्यवसायी एवं सञ्चारकर्मीलाई भ्रमण गराइएको थियो।

मार्टका माध्यमबाट बन्दीपुर ग्रामीण पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबाबु थापाले बताउनुभयो । बन्दीपुर भ्रमण वर्ष २०२५पछि पुनः बन्दीपुर गाउँ पर्यटन भ्रमण वर्ष घोषणा गरिएकोभएका अवस्थामा मार्ट यहाँको पर्यटकीय विकासमा महत्वपूर्ण बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

मार्टमा गण्डकी प्रदेशअन्तर्गतका ११ वटा जिल्लामध्ये म्याग्दीबाहेक सबै जिल्लाका २९ वटा होमस्टेका प्रवर्द्धनकक्ष समावेश छन् । गाउँ पर्यटनसम्बन्धी विभिन्न विषयमा छलफलका पनि आयोजना भएका छन्। रासस

# अन्तरराष्ट्रिय श्रमिक दिवसः ट्रेड युनियन अधिकारबारे विमर्श



काठमाण्डु। पेसागत महासङ्घ नेपालले १३८औँ अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा 'ट्रेड युनियन अधिकार र सुरक्षा' विषयमा छलफल गरेर सरोकारका विषय सार्वजनिक गरेको छ।

महासङ्घका अध्यक्ष पुण्यप्रसाद ढकालले लोकतान्त्रिक शासन पद्धति अँगालेका मुलुकका मान्यता, नेपाल अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को पक्ष राष्ट्र भएको र नेपालको संविधानका व्यवस्थाका आधारमा ट्रेड युनियन अधिकार कायम हुनुपर्नेमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का पूर्वकेन्द्रीय सदस्य बाबुराम थापाले ट्रेड युनियन अधिकारलाई स्थापित गरेर जाँदा नै सरकारका कामलाई प्रभावकारी बनाउन सहज हुने धारणा व्यक्त गर्नुभयो।

नेपाल निजामती कर्मचारी सङ्गठनका अध्यक्ष भवानी न्यौपानेले आफूहरू विद्यमान कानुनी व्यवस्थाअन्तर्गत नै सञ्चालित भएकाले ट्रेड युनियन खारेज गर्न नहुने बताउनुभयो। महासङ्घका उपाध्यक्ष सुशीला श्रेष्ठले ट्रेड युनियन अधिकार रक्षाका लागि एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो। रासस

# सुनचाँदीको मूल्य वृद्धि

काठमाण्डु । स्थानीय बजारमा शुक्रबार सुनचाँदीको मूल्य बढेको छ। सुन प्रतितोला रु तीन हजार ४०० र चाँदी रु १३५ ले बढेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९६ हजार १०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ९४५ कायम भएको छ।

हिजो बिहीबार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९२ हजार ७०० र त्यति नै परिमाणको चाँदी रु चार हजार ८१० मा कारोबार भएको थियो। गत बुधबार एक तोला सुन दुई लाख ९४ हजार ५०० र एक तोला चाँदी रु चार हजार ९१५ मा किनबेच भएको थियो।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार आज अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ६५० र त्यति नै परिमाणको चाँदी ७६ अमेरिकी डलरमा कारोबार भइरहेको छ। रासस




# दाङमा मुटुको 'एन्जियोप्लाष्टि' सेवा शुरु

तुलसीपुर । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको एनजियोप्लाष्टि सेवा सुरु भएको छ। मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरका वरिष्ठ मुटुरोगविशेषज्ञ डा सूर्य देवकोटाको नेतृत्वमा प्रतिष्ठानमा कार्यरत डा दिनेश उप्रेतीसहितको टोलीले आज दुईजना बिरामीको एन्जियोप्लास्टि रिएको हो।



पहिलो पटक जिल्लामा यो सेवा सुरु भएसँगै हृदयघात (हर्टअट्याक) भएका बिरामीलाई जिल्लामै सहजै उपचार गर्न सकिने डा देवकोटाले बताउनुभयो । उहाँका अनुसार मुटुको रक्तनलीको उपचार दाङमा यसरी पहिलो पटक सुरु हुनु जिल्लाको स्वास्थ्य क्षेत्रका लागि एउटा उपलब्धि हो। यसअघि मुटुको उपचारका लागि जिल्लाबाहिर जानुपर्ने अवस्था रहेको थियो।

योसँगै मुटुसम्बन्धी बिरामीलाई थप उपचारका लागि जिल्लाबाहिर जानुपर्ने बाध्यता हटेको प्रतिष्ठानका निमित्त उपकुलपति एवं रजिष्ट्रार प्रा श्याम लम्सालले बताउनुभयो । "उक्त उपचारका लागि रु १० करोड बराबरका सामग्री ल्याइएको छ। यसरी सामग्री तयारी गरेपछि पहिलो पटक वरिष्ठ मुटुरोग विशेषज्ञ डा देवकोटालाई ल्याएर सेवालाई सुरुआत गरिएको हो", उहाँले भन्नुभयो।

प्रतिष्ठानबाट केही दिनअघि एन्जोयोग्राफी सेवा दिइएको थियो । जुन निदानात्मक उपचार थियो भने आज एनियोप्लाष्टी सेवा सुरु गरिएको हो। दाङमै यो सेवा सुरु भएपछि जिल्लाबाहिरका बिरामीलाई पनि सेवा दिन सहज हुने प्रतिष्ठानका निमित्त निर्देशक जनार्दन पन्थीले बताउनुभयो । उहाँका अनुसार विपन्न नागरिक औषधि उपचार कोषमा सूचीकृतका लागि निवेदन पठाएकाले सूचीकृत हुने बित्तिकै बिरामीलाई प्रतिष्ठानबाटै थप सहजता प्राप्त हुने समेत उहाँको भनाइ छ। हाल मुटुको उपचारका लागि एक लाखभन्दा बढी खर्च लाग्ने गरेको छ। रासस

# चिकित्सकको लापरवाहीले बिरामीको मृत्यु

टुडे समाचारदाता




जनकपुधामाजनकपुधामस्थितएक निजी अस्पतालमा चिकित्सकको लापरवाहीले शल्यक्रियापछि महिलाको मृत्यु भएपछि उनका आफन्त आन्दोलित बनेका छन् । घटनापछि अस्पताल परिसर तनावग्रस्त बनेको छ भने सुरक्षाका लागि प्रहरी परिचालन गरिएको थियो ।

महोत्तरीको बलवा नगरपालिका-१ बञ्चौरी निवासी ३६ वर्षीया रागनी देवी पासवानको कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको थियो । अस्पतालका अनुसार बैशाख १६ गते साँझ पित्तथैलीमा रहेको पत्थरीको शल्यक्रिया गरिएको थियो ।

शल्यक्रियापछि अवस्था सामान्य रहेको बताइए पनि शुक्रबार बिहान करिब ३ बजेतिर उनको मृत्यु भएको जनाइएको छ । तर, मृतकका आफन्तले भने उपचारमा चिकित्सकले लापरबाही भएको आरोप लगाउँदै विरोध जनाएका छन् । आक्रोशित परिवारजनले अस्पतालमा तोडफोडसमेत गरेका छन् ।

मृतकका ससुरा दयाराम पासवानका अनुसार गाउँकै स्वास्थ्यकर्मीको सल्लाहमा बैशाख ७ गते उनलाई उक्त अस्पतालमा परीक्षणका लागि ल्याइएको थियो । चिकित्सकको सुझावअनुसार बैशाख १६ गते भर्ना गरी शल्यक्रिया गरिएको उनले बताए ।

उनका अनुसार अस्पतालसँग १ लाख २५ हजार रुपैयाँमा ल्याप्रोस्कोपी (प्वाल पारेर गरिने) विधिबाट शल्यक्रिया गर्ने सहमति भएको थियो । तर, चिकित्सकले पेट चिरेर शल्यक्रिया गरेको र त्यसकै कारण मृत्यु भएको आरोप उनले लगाए ।

'प्वाल पारेर अप्रेसन गर्ने कुरा भएपछि हामीले सहमति दिएका थियौं । तर, पेट चिरेर अप्रेसन गरियो, त्यसकारण यस्तो घटना भयो,' दयारामले भने । उनले दोषी चिकित्सक र अस्पतालमाथि कारबाही तथा क्षतिपूर्ति माग गरेका छन् ।

यता, शल्यक्रियामा संलग्न सर्जन डा. अमरेश कर्णले भने बिरामीको अवस्थाअनुसार परिवारकै सहमतिमा चिरुवा विधि अपनाइएको दाबी गरेका छन् । उनका अनुसार युरेटरमा १३.७ एमएमको पत्थरी देखिएपछि जोखिमलाई ध्यानमा राख्दै शल्यक्रिया गरिएको थियो ।

'शल्यक्रियापछि बिरामीको अवस्था सामान्य थियो र जनरल वार्डमा सार्ने तयारी भइरहेको थियो । तर, राति अचानक प्रेसर घटेपछि उपचारका क्रममा मृत्यु भयो,' डा. कर्णले भने । उनले उपचारमा कुनै लापरबाही नभएको दाबी गर्दै यस्तो घटना आफ्नो चिकित्सकीय जीवनकै पहिलो भएको उल्लेख गरे । मृतकका श्रीमान् वैदेशिक रोजगारीमा रहेको र उनका तीन सन्तान रहेका बताइएको छ ।

यसैबीच पीडित परिवारलाई अस्पतालले १ लाख रुपैयाँ क्षतिपूर्ति दिने र ८० हजार रुपैयाँ उपचार खर्च मिनाहा गर्ने सहमति भएपछि परिवारजनले शव बुझेका छन् ।

जिल्ला प्रहरी कार्यालयका डीएसपी मधुसुदन न्यौपानेको कमान्डमा खटिएको टोलीले अस्पताल र पीडित परिवारबीच वार्ता गराई सहमति जुटाएको हो । सहमतिपछि मृतकका आफन्तले शव उठाएर घर फर्किएका छन् ।

# बागमती सिचाई अतिक्रमण हटाउन प्रक्रिया शुरु

**निकट भविष्यमा सुनकाशी मरिन डाइभर्सनबाट सुनकोशीको पानी मरिन हुँदै बागमती नदीमै आउने भएकाले क्षमता वृद्धिका लागि पनि जमिन खाली गर्न आवश्यक रहेको चौधरीले बताए ।**

टुडे समाचारदाता



रौतहट । आफ्नो अधिकार क्षेत्रभित्र अवैध रूपमा निर्माण गरिएका घर टहरा तथा अन्य संरचनाहरू हटाउने प्रक्रिया बागमती सिँचाइ आयोजनाले अगाडि बढाएको छ ।

आयोजनाले २०८२ साल चैत्र २६ गते ७ दिने सूचना जारी गर्दै आयोजनाको जमिनभित्र निर्माण गरिएका सम्पूर्ण संरचना स्वेच्छाले हटाउन सम्बन्धित व्यक्तिहरूलाई अनुरोध गरेको भए पनि स्थानीयले हटाउन मानेका छैनन् ।

लामो समयदेखि सिंचाईको जमिन अतिक्रमण गरी पक्की तथा कच्ची घरहरु निर्माण गरी बसोबास बढ्दै गएको छ । नेपाल सरकारले सरकारी अतिक्रमित जमिन खाली गराउने नीति अनुसार बागमती सिचाई आयोजनाले पनि सो जमिन खाली गर्न सूचना जारी गरेको हो । रौतहटमा मात्र करीव ४ सय भन्दा बढी घर टहरा भत्किने अनुमान गरिएको छ । आयोजनाले सबै भौतिक संरचनाको तथ्यांक संकलन कार्य तीव्र पारेको छ ।

बागमती सिंचाई आयोजनाका निमित्त आयोजना निर्देशक सन्तोषकुमार चौधरीका अनुसार सरकारको सार्वजनिक जमिन खाली गराउने नीति अनुसार आयोजनाले पनि आफ्नो क्षेत्रभित्र रहेका अतिक्रमित जमिन खाली गराउने प्रक्रिया सुरु गरेको हो ।

प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी आगामी वैशाख १४/१५ गते बाट अतिक्रमित क्षेत्र खाली गर्ने प्रक्रिया अगाडि बढाउने लक्ष्य रहेको चौधरीले जानकारी दिए । निकट भविष्यमा सुनकाशी मरिन डाइभर्सनबाट सुनकोशीको पानी मरिन हुँदै बागमती नदीमै आउने भएकाले क्षमता वृद्धिका लागि पनि जमिन खाली गर्न आवश्यक रहेको चौधरीले बताए ।

आयोजनाको पश्चिम रौतहट जिल्लातर्फको भागमा विगत ३० बर्षदेखि बसोबास गर्दै आएका सुकुम्बासी तथा गरीव विपन्न परिवार यतिखेर बागमती सिंचाई आयोजनाले घर टहरा हटाउन सूचना टाँस गरेपछि विचल्लीमा परेका छन् । आफूसँग रहेको केही घडेरी जमिन परिवारको संख्या बढेसँगै अपुग रहेकाले बाध्य भएर आयोजनाको जमिनमा बसेको स्थानीयको भनाइ छ ।

हामी वर्षौंदेखि यहीं बस्दै आएका छौं, हाम्रो जीवनयापन चलिरहेको छ एक्कासी घरटहरा भत्काउदा बालबच्चाको विचल्लीमा पर्नेछ । यदि हटाउनै पर्ने हो भने सरकारले पहिले हाम्रो लागि सुरक्षित र उचित बसोबासको व्यवस्था गर्नुपछ स्थानीय रमिता साहले बताइन् ।

मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोले अतिक्रमित जग्गा तत्काल हटाउन निर्देशन दिँदै नहरका डिलमा रहेको अतिक्रमण पसा, बारा, रौतहट हुँदै सर्लाहीसम्म खाली गर्न निर्देशन दिएको बताए । यदि अतिक्रमित जग्गा खाली नगरे डोजर प्रयोग गरेर हटाइने उनले स्पष्ट पार्दै सुकुम्बासीका नाममा हुकुमबासीले कब्जा जमाएर बसेको सरकारी जग्गा खाली गराएरै छाडने प्रतिबद्धता जनाए ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले सार्वजनिक जग्गा अतिक्रमण के कति भएको छ भन्ने अभिलेख राख्नेदेखि स्थानीय सरकार र वन कार्यालय, बागमती सिंचाई आयोजनासँग समन्वय गरेर सुरक्षा संयन्त्र परिचालन गरी अतिक्रमित जग्गा खाली गराउने अन्तिम तयारी रहेको बताए ।

बागमती सिचाई आयोजनाले आफ्नो अधिकार क्षेत्रभित्रको जमिनमा निर्माण भएका संचरना हटाउन खोज्नु राम्रो काम भए पनि विगत लामो समयदेखि बसोबास गर्दै आएका जनतालाई राज्यले बैकल्पिक व्यवस्था गर्नुपर्ने चन्द्रपुर नगरपालिकाका नगर प्रमुख संजयकुमार काफ्लेले बताए । स्थानीय सरकार भनेको जनतासँग प्रत्यक्ष जोडिएको हुँदा कानुनी आधारलाई मानेर नगरपालिका समन्वयकारी भूमिकाको लागि सदैव तयार रहेको उनले बताए ।

# युवक मृत फेला परे

टुडे समाचारदाता

जनकपुरधाम । सर्लाहीमा एक युवक मृत फेला परेका प्रहरीले जनाएको छ । जिल्लाको मलंगवा नगरपालिका-४ बस्ने ३५ वर्षीय दिवानी भन्ने मोहबुब मिक्रानी सोही ठाउँस्थित पोखरीमा शुक्रबार मृत अवस्थामा फेला परेका प्रहरीले जनाएको छ ।

सर्लाहीमा एक युवकको पोखरीमा तैरिरहेको अवस्थामा शव फेला परेको छ। सदरमुकाम मलंगवामा शुक्रबार पोखरीमा डुबेको अवस्थामा मलंगवा नगरपालिका-४ का ३५ वर्षीय दिवानी भन्ने मोहबुब मिकरानीको शव फेला परेको सर्लाही प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मलंगवा नगरपालिका-४, पन्दुबा पोखरीमा मिकरानीको शव फेला परेको हो । शुक्रबार सबैरै पोखरीभित्र बेवारिसे युवकको शव देखेपछि स्थानीयले प्रहरीमा खबर गरेका थिए । खबर पाएपछि मृतकको आमा आएर शवको सनाखत गरेको प्रहरीले जनाएको छ। मृतक किमकरानीकी आमाले छोराको हत्या भएको हुन सक्ने आशङ्का गर्दै छानबिनको माग गरेकी छिन् ।

घटनास्थलको प्रकृति मुचुल्का गरी मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए । प्रवक्ता राईका अनुसार मृतकको शरीरमा शंकास्पद कुनै प्रकारको चोटपटक नदेखिएको भएपनि पोस्टमार्टमपछि मात्र मृत्युको कारण पत्ता लाग्ने बताए ।

# व्यवसायी अग्रवाल पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-११आदर्शनगरबाट नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले सरकारी विभागको नक्कली लेटरहेड, छाप र पूर्व महानिर्देशकको हस्ताक्षर किर्ते गरी प्रतिबन्धित छोकडा आयात गर्न खोज्ने एक व्यवसायीलाई पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा काठमाडौंको कालिकास्थानस्थित सिमभिन इन्टरनेसनल इम्पेक्सका सञ्चालक ५५ वर्षीय नवीन कुमार अग्रवाल रहेका छन् ।

प्रहरीका अनुसार, नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ बमोजिम वि.सं. २०७६ चैत २४ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छोकडा (खजुर) को आयातमा पूर्ण प्रतिबन्ध लगाएको थियो । उक्त प्रतिबन्ध अहिलेसम्म कायम छ ।

तर व्यवसायी अग्रवालले उक्त प्रतिबन्धलाई छल्ने उद्देश्यले वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल काठमाडौंको नक्कली लेटरहेड, छाप र विभागका पूर्व महानिर्देशकको नाम तथा हस्ताक्षर प्रयोग गरी १०० टन छोकडा आयात गर्न अनुमति दिने किर्ते पत्र तयार पारेका थिए । सो किर्ते अनुमति पत्र वीरगञ्ज भन्सार कार्यालयमा पेस गरेर सामान भित्र्याउन खोजेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

भन्सार कार्यालयमा सामान आइपुगेपछि अधिकारीहरूलाई उक्त अनुमति पत्रमा शङ्का लागेको थियो । भन्सारले वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पत्रको यथार्थता बुझ्दा उक्त पत्र पूर्ण रूपमा किर्ते भएको पुष्टि भएको थियो । त्यसपछि भन्सारले १०० टन छोकडा जफत गरी थप अनुसन्धानका लागि सीआईबीलाई जानकारी गराएको थियो ।

सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले दिएको जानकारी अनुसार, अग्रवालमाथि मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २५ अन्तर्गत लिखत सम्बन्धी कसुर मा अनुसन्धान भइरहेको छ । काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई उनलाई नियन्त्रणमा लिइएको हो ।

अग्रवाल काठमाडौं महानगरपालिका-६ मा बसोबास गर्दै आएका थिए भने हाल केही समययता वीरगञ्ज-६, रेशमकोठीमा बस्दै आएको प्रहरीले जनाएको छ । प्रहरीले घटनामा अन्य व्यक्तिहरूको पनि संलग्नता रहेको हुन सक्ने आशङ्का गरेको छ र त्यसतर्फ पनि अनुसन्धान जारी रहेको जनाएको छ। अग्रवाललाई काठमाडौं लगेर थप कानुनी कारबाही अगाडि बढाइने सीआईबीले बताएको छ ।

# बम विस्फोटको आरोपमा जेल चलान




टुडे समाचारदाता

लहान । गत फागुन २७ गते सिरहा अदालत अगाडि भएको बम विस्फोट प्रकरणमा गुमस्ता कुमार यादवलाई पक्राउ गरी जेल चलान गरेको छ ।

सिरहा जिल्ला अदालत अगाडीमा रहेको बार एशोसिएसनको भुईंतल्लामा रहेको कामधेनु ल फर्ममा बम विस्फोट भएको थियो । सोही ल फर्ममा कार्यरत सुखिपुर नगरपालिका वडा नं. ३ लक्ष्मिनियाँ टोल बस्ने २९ बर्षिय गुमस्ता कुमार यादवलाई अनुसन्धान पश्चात पूर्वपक्षका लागि जेल चलान गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

बम विस्फोट भएपछि अनुसन्धानमा जुटेका सिरहा प्रहरीले सोही फर्ममा कार्यरत यादवलाई पक्राउ गरेको हो । यद्यपी, उनको संलग्नतालाई प्रष्टयाएका छैनन् भने परिवारजनले एमालेका नेताले फँसाएको आरोप लगाउँदै आएको छ । यादव कानूनका विद्यार्थी रहेका छन । उनी सोही ल फर्ममा कार्यरत कर्मचारी हुन् । गत चैत २७ गते भएको उक्त विस्फोटको घटनापश्चात् प्रहरीले सूक्ष्म अनुसन्धान अघि बढाएको थियो ।

# बाबुको हत्या आरोपमा छोरा पक्राउ

सञ्जय मिश्रा




रौतहट । १८ वर्षपछि पारिवारिक विवादमा आफ्नै बुवाको हत्या गरेको रौतहटमा एक घटना बाहिरिएको छ । इलाका प्रहरी कार्यालय गरुडाले बाबुको हत्यामा छोरा पक्राउ परेपछि घटना उजागर भएको हो ।

२०६४ साल जेठ २० गते गरुडा नगरपालिका-१ (साबिक जयमनगर-४) का ६८ वर्षीय विशेष महतो कोईरीको निर्मम हत्या भएको थियो । घटनापछि प्रारम्भिक अनुसन्धानमा संलग्नताको आशंका गरिएका उनका कान्छा छोरा राम बिलास महतो परिवारसहित फरार भएका थिए, जसले घटनालाई झन् रहस्यमय बनाएको थियो ।

समय बित्दै जाँदा फाइलहरू थन्किएका थिए, तर डिएसपी आचार्यले पुरानो फाइल पुनः अध्ययन गर्दै घटनाको गहिराइमा पुग्ने प्रयास थाले। एउटै घरभित्र हातखुट्टा बाँधेर हत्या गरिएको तर छिमेकीलाई समेत सुइँको नपुगेको तथ्यले प्रहरीलाई "घरभित्रकै षड्यन्त्र" तर्फ संकेत गर्‍यो ।

त्यसपछि सुरु भयो लामो र चुनौतीपूर्ण खोजी अभियान। अनुसन्धानको धागो समात्दै प्रहरीले फतुवा विजयपुर हुँदै बारा कोल्हवीसम्म पुगेको सुराकी पायो। अन्ततः आफन्तमार्फत प्राप्त सूचनाका आधारमा मोबाईल ट्रेस गर्दा आरोपी चितवनको माढी क्षेत्रमा रहेको पुष्टि भयो ।

लगातार चार महिनाको निगरानी र गोप्य अपरेशनपछि सादा पोशाकमा खटिएको प्रहरी टोलीले चितवन प्रहरीको सहयोगमा फलफूल व्यवसाय गर्दै बसेका राम बिलास महतोलाई पक्राउ गर्न सफल भयो ।

प्रहरी अनुसन्धान अनुसार महतोले बाबुले लिएको ऋण तिर्न नसक्ने अवस्था, आर्थिक दबाब र जग्गा विवादबाट उन्मुक्ति पाउन योजनाबद्ध रूपमा आफ्नै बाबुको हत्या गरेका थिए । उनी सुतिरहेको अवस्थामा हातखुट्टा बाँधेर धारिलो हतियारले आक्रमण गरिएको खुल्न आएको छ । साथै, घटनालाई मोडेर निर्दोष व्यक्तिहरूलाई फसाउने योजना समेत रहेको प्रहरीको दाबी छ ।

लामो समयदेखि फरार रहेका आरोपीलाई गत बुधबार पक्राउ गरी हाल इलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा राखिएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

यो घटनाले पारिवारिक सम्बन्ध र विश्वासमाथि गम्भीर प्रश्न उठाएको छ। तर, १८ वर्षपछि पनि अपराधी कानुनको कठघरामा आउनुले न्याय प्रणालीप्रति विश्वास अझ मजबुत बनेको छ–ढिलो भए पनि न्याय अवश्य हुन्छ भन्ने सन्देशका साथ । जिल्ला प्रहरी प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालले घटनाको पुष्टि गर्दै आर्थिक दबाब, ऋणको भार र जग्गा विवादबाट उन्मुक्ति पाउने उद्देश्यले महतोले योजनाबद्ध रूपमा आफ्नै बाबुको ज्यान लिएको स्पष्ट पारेका छन् ।

# हुण्डीमाथि एसएसबीको कडाइ

टुडे समाचारदाता



रौतहट । भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले हुण्डी कारोबार नियन्त्रणका लागि सक्रियता बढाएको छ ।

बारा जिल्लाको कचोरवा नाका हुँदै नेपालबाट भारततर्फ ठूलो रकम लैजाँदै गरेका एक नेपालीसहित दुई जनालाई झडौखर चेकपोस्टमा नियन्त्रणमा लिइएको हो ।

बिहीबार साँझ नियमित जाँचका क्रममा भारतीय नागरिक नरेश कुमार गुप्ता र नेपाली नागरिक जैलाल साह तेलीको साथमा रहेको ब्याग परीक्षण गर्दा उल्लेख्य परिमाणमा नगद फेला परेको एसएसबीले जनाएको छ ।

एसएसबी मुख्यालय पिपराकोठीका सहायक कमान्डेन्ट बिश्वजित तिवारीका अनुसार गुप्ताको साथबाट नेपाली रुपैयाँ ९ लाख ६३ हजार ६५० तथा भारतीय रुपैयाँ ७१ हजार ४१० बरामद भएको थियो। त्यस्तै, तेलीको साथबाट नेपाली रुपैयाँ १ लाख १० हजार फेला परेको छ ।

घटनापछि एसएसबी ७१ औं बटालियन अठमोहन कम्पनी तथा जितना प्रहरी चौकीको टोली घटनास्थलमा पुगेको थियो। एसएसबी प्रवक्ता बिनित कुमार सिंहका अनुसार बरामद रकमसहित दुवै जनालाई आवश्यक कानुनी प्रक्रिया अघि बढाउन जितना प्रहरीलाई जिम्मा लगाइएको छ ।

पक्राउ परेका भारतीय नागरिक बिहार पूर्विचम्पारण सिकारगन्जका नरेश कुमार गुप्ता र नेपाली नागरिक बारा कलैया उपमहानगरपालिका गालोपटी बजनिका जैलाल साह तेलीको रूपमा पहिचान खुलेको एसएसबिले जनाएको छ ।

# लागूऔषध दुर्व्यसन नियन्त्रण महाअभियान शुरु

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेश प्रहरी कार्यालयले बढ्दो लागूऔषध दुर्व्यसनलाई नियन्त्रण गर्न तथा सेवनकर्तालाई सुधार र पुनर्स्थापनामा ल्याउने लक्ष्यसहिते 'लागू औषध सेवनकर्ता खोजी एवं सुधार महा-अभियान २०८३' सुरु गरेको छ ।

प्रदेश प्रहरी प्रमुख गोविन्द थपलियाका अनुसार अभियानले नियन्त्रणमा मात्र नभई सेवनकर्ताको पहिचान, निगरानी र सुधारलाई केन्द्रमा राखेको छ । त्यसका लागि प्रदेशका आठै जिल्लामा समन्वयात्मक ढंगले कार्य अघि बढाइने बताइएको छ। उनले जिल्ला प्रहरी प्रमुखहरू तथा मातहतका इकाइलाई विशेष ब्रिफिङ गर्दै अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिएका छन् ।

उनले लागूऔषध सेवनकर्ताको पहिचान गरी उनीहरूलाई सुधारको दायरामा ल्याउने कार्यलाई प्राथमिकतामा राखिएको बताए । अभियान अन्तर्गत सीमावर्ती नाकाहरूमा 'ड्रग्स टेस्टिङ चेकपोइन्ट' स्थापना गरिनेछ । ती स्थानहरूमा 'ड्रग टेस्ट किट' प्रयोग गरी आवतजावत गर्ने व्यक्तिहरूको परीक्षण गरिने योजना छ ।

साथै, सीमाबाट नियमित आवतजावत गर्ने विशेषगरी युवा युवतीहरूको तथ्यांक संकलन गरी निगरानी प्रणालीलाई थप सुदृढ बनाइने प्रहरीले जनाएको छ ।

सडक सुरक्षा
सडकमा हिडदा होसियार बनौ, नियम मानेर अनुशासित बनौ
हेलमेट, सिटबेल्ट, नबिर्सौं, जीवनलाई सुरक्षित बनाऔं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८